जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं। खेती गरेर उमारेका च्याउ खाने गरौं। जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक २७१ • २०८० साल फाल्गुन १५ गते मंगलबार (27 Feburary, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# राजधानी जनकपुरधामको विद्युतिकरण प्रदेश सरकारले गर्ने
## सिँचाईका लागि १ अर्बको विद्युतिकरण, ३ वर्षमा १३ अर्ब बजेट

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले जनकपुरधाम उपमहानगरपालिकाको विद्युतिकरण गरी सौन्दर्यकरण गर्ने भएको छ।

प्रदेशको राजधानीसमेत रहेको सांस्कृतिक नगरी जनकपुरधामलाई विद्युतिकरण गरी सिंगार्न प्रदेश सरकारले तयारी थालेको छ।

प्रदेश मन्त्रीपरिषद्को आइतबार बसेको बैठकमा जनकपुरधामलाई विद्युतिकरण गरी सिंगार्ने विषयमा छलफल भएको मुख्यमन्त्री सरोज कुमार यादवले जनाएका छन् । विद्युतिकरणका लागि आवश्यक बजेट उपलब्ध गराउने विषयमा सहमति भएको छ मुख्यमन्त्री यादवले भने, चाँडै नै विद्युतिकरणबाट जनकपुरधाम नगरलाई सिंगार्ने काम हुनेछ।

केही समययता जनकपुरधाममा आन्तरिक र बाह्य पर्यटकको संख्यामा बृद्धि हुँदै गएको छ। भारतको अयोध्यामा भगवान रामको भव्य मन्दिर निर्माण र प्राण प्रतिष्ठा भएदेखि धार्मिक पर्यटकको ओइरो लागेको छ । अयोध्या जाने पर्यटकहरुले सीताको जन्मस्थली जनकपुरधाममा दर्शन नगरेसम्म अधुरो रहने मान्छन् । अयोध्याबाट सोझै पनि धेरै पर्यटकहरु जनकपुरधाम आउन थालेका छन्।

धार्मिक पर्यटनको हवको रुपमा रहेको जनकपुरधाम नगरलाई सफा, सुग्घर र सौन्दर्यकरण गरी पर्यटकको बसाईलाई लम्ब्याउन आवश्यक रहेकाले प्रदेश सरकार त्यसका लागि काम गर्ने तयारी गरेको मुख्यमन्त्री यादवले बताए। पर्यटन व्यवसायलाई सुदृढ बनाउन प्रदेश सरकारले प्रदेशका दर्शनीय स्थलहरुलाई जोड्ने उनले बताए।

त्यस्तै समयमा वर्षा नहुँदा मर्कामा पर्न थालेका किसानका लागि विद्युतबाट सिँचाई गर्न ४० करोड रुपैयाँको योजना रहेको छ। हरेक खेतमा पानी पुर्‍याउन सरकारले विद्युतीकरणमा जोड दिएको मुख्यमन्त्री यादवले बताए।

> मुख्यमन्त्री यादवका अनुसार मधेश प्रदेशमा चुरे विनाशले पानीको भारी समस्या निम्तिएको छ । सतही सिँचाईको भरपर्दो व्यवस्था नहुँदासम्म भूमिगत सिँचाईले अपेक्षित रुपमा उत्पादन बढाउन कठिन भए पनि सरकारले हरसम्भव प्रयास गरिरहेको उनले बताए ।

संघीय सरकारले ६० प्रतिशत बजेट उपलब्ध गराउने छ । चालु आर्थिक वर्षमा संघीय सरकारले ६० करोड रुपैयाँ बजेट दिनेछ। तीन वर्षमा मधेश प्रदेशमा विद्युतबाट सिँचाईको योजना पूरा गर्ने लक्ष्य राखिएको छ।

यस वर्ष आवश्यकता अनुसारको वर्षा नहुँदा खेतीमा समस्या परेको छ। धान कमजोर भएको र दलहन, तेलहन बाली समेतमा असर परेको छ। सिँचाईको भरपर्दो व्यवस्था नभएसम्म किसानले चाहे अनुरुपको आम्दानी लिन सक्दैन । मधेश प्रदेशलाई कृषि प्रधान प्रदेश भनिएपनि सिँचाईको समुचित व्यवस्था नहुँदा उत्पादनमा निकै कमी आएको छ।

संघीय सरकार र प्रदेश सरकारको संयुक्त योजनाको रुपमा रहेको विद्युतबाट सिँचाईका लागि १३ अर्ब रकम लाग्नेछ। त्यसमा संघीय सरकारको ६० प्रतिशत हिस्सेदारी रहने जनाइएको छ।

मधेश प्रदेशमा कोशी- मरिन डाइभर्सन गरी सिँचाई पुऱ्याउने सरकारको लक्ष्य रहेको छ। बागमती नदीमा पानी पुऱ्याएर सिँचाईको क्षेत्र बिस्तार गर्नेमा सरकारले काम गरिरहेको छ । कोशी-मरिन डाइभर्सनको काम पनि अगाडि बढेको छ।

मधेश प्रदेशमा हाल भूमिगत सिँचाईका लागि सरकारले जोड दिएको छ। विद्युतिकरण र पम्पसेटबाट सिँचाई गर्न भूमिगत सिँचाई प्रणालीमा सरकारले लगानी गरिरहेको छ।

मधेश प्रदेशमा अधिकांश नदी वर्षामा विनाश गर्ने र अन्य समयमा सुख्खा रहने गरेको छ । कमला, बागमती लगायतका सीमित नदीबाट वर्षभरि सिँचाई हुने गरेको छ। तर वर्षा बाहेकको सिजनमा कमला र बागमतीको सिँचाई प्रणाली पनि कमजोर हुने गरेको छ।

कोशी नदीको पश्चिमी नहरबाट सप्तरी जिल्लामा सिँचाई हुने गरेको छ। पर्सा जिल्लामा नारायणी सिँचाई आयोजना छ । तर त्यो पनि अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन। भदौं पछि मधेश प्रदेशमा राम्रो वर्षा भएको छैन। फागुन महिनामा नै पिउने पानीको समस्या देखिएको छ। चापाकलहरु सुक्न थालेका छन्।


राजमार्ग क्षेत्रमा पानीको समस्या झनै विकराल छ । इनारहरुमा पानी कम भएको छ। खानेपानी पिउनलाई नै समस्या देखिएपछि खेतमा सिँचाई गर्ने काम रोकिएको छ। प्रदेश सरकारले विद्युतिकरणबाट सिँचाईका लागि सुविधा उपलब्ध गराउने दाबी गरे पनि पानीको सतह तल गएकाले सिँचाई कर्म गर्न विद्युत खपत बढी र सिँचाई कम हुने गरेको छ।

मुख्यमन्त्री यादवका अनुसार मधेश प्रदेशमा चुरे विनाशले पानीको भारी समस्या निम्तिएको छ। सतही सिँचाईको भरपर्दो व्यवस्था नहुँदासम्म भूमिगत सिँचाईले अपेक्षित रुपमा उत्पादन बढाउन कठिन भए पनि सरकारले हरसम्भव प्रयास गरिरहेको उनले बताए।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा

डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)


टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE




विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite



# प्रतिनिधिसभा शून्य समयमा विविध समस्याबारे सरकारको ध्यानाकर्षण



टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले लघुवित्त, सहकारी र मिटरब्याजपीडितका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा उनीहरुले सरकारले कानुन कार्यान्वयन गरेर लघुवित्त, सहकारी र मिटरब्याजी पीडितलाई न्याय दिलाउन माग गरे ।

बैठकमा सांसद अनिसा नेपालीले पीडित किसानका कुरा सरकारले सम्बोधन गर्न नसकेको भन्दै समस्या समाधानको माग गरे । सांसद अब्दुल खाँनले बालकुमारी घटना जस्तै मधेसमा पछिल्लो समयमा मृत्यु भएका घटनाका सन्दर्भमा पनि छानविन गरी न्यायको माग गरे । सांसद अम्बिका बस्नेतले सहकारीमा बदमासी गर्नेलाई कारबाही गरेर पीडितलाई न्याय दिलाउन सरकारसँग माग गरे । साथै उनले मिटरब्याजपीडित र दूधको मूल्य नपाएका किसानका समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराए । सांसदद्वय अमृतलाल राजवंशी र अमरबहादुर थापाले लघुवित्त र मिटरब्याजपीडितका समस्या समाधानमा सरकारको ध्यान पुगोस् भने ।

सांसद अमरबहादुर रायमाझीले बजेटअन्तर्गत लागू भएका योजना बजेटको कमीले कार्यान्वयनमा कठिनाइ भएको भन्दै उचित बजेट विनियोजनको व्यवस्था गर्न माग गरे ।सांसद अमृतादेवी अग्रहरीले सर्वसाधारणलाईसुरक्षाकोअनुभूति दिलाउन र विवादित मन्त्रीलाई मन्त्रीपरिषद्बाट हटाउन माग गरे । सांसद अर्जुननरसिंह केसीले एनसेल प्रकरणको छानविन समितिको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्न र दोषीलाई कारबाहीको माग गरे ।

सांसद अशोककुमार चौधरीले नेपाली खेलाडीले विभिन्न खेलकुदमा कीर्तिमान राखिरहेको अवस्थामा सरकारले ती खेलाडीलाई आवश्यक प्रोत्साहन गर्न नसकेको उल्लेख गरे । साथै उनले पुरुष र महिला खेलाडीबीच विभेद गर्न नहुने धारणा व्यक्त गरे । सांसद आस्माकुमारी चौधरीले स्वर्गद्वारीमा गुठीको समस्याले किसान धर्नामा बसेकाले उनीहरुको माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद असिम शाहले नक्कली सवारी साधन चालक अनुमतिपत्रका सम्बन्धमा छानविन गरी दोषीलाई कारबाहीको माग गरे ।

सांसद डा आरजु राणाले गत कात्तिक १५ गते आफू नेतृत्वको संसदीय समितिले दुग्ध किसानका समस्या समाधानका लागि सरकारलाई दिएको निर्देशनबारेमा जवाफ माग गरे । सांसद ईश्वरबहादुर रिजालले दोलखामा अवस्थित जलविद्युत् आयोजनाअन्तर्गत बाँकी रहेको सडकमा कालोपत्र गर्न माग गरे । सांसद ईश्वरी घर्तीले आविस्कार केन्द्रसँग विगतमा भएका सम्झौता कार्यान्वयनको माग गरे । सांसद ईश्वरी देवी न्यौपानेले संसद्मा सांसदहरु आरोपप्रत्यारोपभन्दा सहकारी, लघुवित्त र मिटरब्याजपीडितको समस्या समाधानमा लाग्नुपर्ने बताए।

सांसद उदयशम्शेर जबराले सवारी साधन चालक अनुमपति पत्र स्मार्ट बनाउने नाममा नयाँ र नवीकरण गर्न २१ महिना लाग्ने गरेको अवगत गराउँदै ढिलाइप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद उर्मिला थेबेले गत वर्षको वर्षायममा आएको बाढीपहिरोबाट पीडित ताप्लेजुङका बासिन्दाका समस्या सुनाउँदै समाधानका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद उर्मिला माझीले विगतको सशस्त्र युद्धलगायत विभिन्न पहिचानका आन्दोलनले नै पिछडिएका जाति, वर्ग र समुदायले अधिकार पाएको उल्लेख गरे ।

सांसद ऋषिकेश पोखरेलले लोप हुने खतरामा रहेको ताजपुरीया जातिको विशेष संरक्षण गर्न माग गरे । सांसद एकनाथ ढकालले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कमजोर भएको टिप्पणी गर्दै विशिष्ट व्यक्तिको नेपाल भ्रमण गराउन माग गरे ।सांसद कल्पना चौधरीले राष्ट्रिय गौरवको आयोजना कार्यान्वयनमा प्रभावकारीताका लागि ध्यानाकर्षण गराए। सांसद कान्तिका सेजुवालले कर्णालीमा यस वर्ष हिउँदमा पानी नपर्दा कृषिमा समस्या भएको र खडेरी हुने भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद डा कालुराम राईले अर्थतन्त्रको आधार बैंक तथा वित्तिय संस्थाप्रति केही व्यक्ति र समूहले गरेको अराजकता नियन्त्रण गर्न सरकारसँग माग गरे ।

सांसद किरणकुमार साहले स्वास्थ्य क्षेत्र सेवाभन्दा पनि बढी व्यापारिक भएको, सरकारी सेवा झन्झटिलो भएको र शिक्षा व्यावहारिक नभएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद कुसुमदेवी थापाले दुध किसानका समस्या समाधान गर्न र किसानलाई लम्पीस्किन रोगको क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण गराए । सांसद गगनकुमार थापाले आरोपप्रत्यारोप मात्र गरेर संसद् बैठक प्रभावकारी नहुने भन्दै अख्तियारमा उजुरी परेका, सरकारी जग्गा विवादमा मुछिएका, सहकारी ठगीमा परेका, दुई वटा नागरिकता राखेकाहरुका सन्दर्भमा संसद् बैठक बाहिर अनुसन्धान गर्न माग गरे ।सांसद गणेश पराजुलीले सरकारले प्रभावकारी काम गर्न नसकेका कारण नै सहकारी र मिटरब्याजपीडितका समस्या भएको उल्लेख गर्दै यसमा आवश्यक छानविन गरी कारबाहीको माग गरे ।

सांसद गोमा लाभ (सापकोटा)ले सरकारी कार्यालयमा घुस र पहुँचविना जनताको काम समयमा नहुने गरेको आरोप लगाउँदै यसतर्फ सरकारको ध्यानाकर्षण गराए ।सांसद गङ्गाप्रसाद यादवले सिराहाका विभिन्न क्षेत्रमा खानेपानीको अभाव देखिन थालेको बताउँदै समाधानका लागि ध्यानाकर्षण गराए । सांसद गङ्गाराम चौधरीले विकास निर्माणका योजना वितरणमा पक्षपात देखिएको भन्दै आगामी दिनमा त्यस्तो हुन नहुने बताए ।


सांसद चन्दा कार्की भण्डारीले मुलुकमा पछिलो समयमा भ्रष्टाचार र अनियमितता बढेको भन्दै नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद चन्द्रबहादुर विश्वकर्माले सरकारले सुशासन कायम गर्न नसक्दा जनताले सहजरुपमा सरकारी सेवा प्राप्त गर्न नसकेको बताए। सांसद छिरिङ डम्डुल लामाले सिमकोट जोड्ने सडकका लागि आवश्यक बजेटको माग गरे । सांसद छिरिङ ल्यामु लामाले कृषि क्षेत्रलाई प्राथमिकता दिन नसक्दा कृषि सामग्रीको आयात पछिल्लो समय बढ्दो दरमा रहेको बताउँदै समाधानका लागि माग गरे । सांसद जीवन परियारले सिक्लेस हुँदै मनाङ जोड्ने सडक निर्माणका लागि सरकारसँग माग गरे ।

# बरमझियामा पेडाको अनुगमन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बरमझियास्थित पेडा पसलहरुमा प्रादेशिक दुग्ध विकास बोर्ड मधेश प्रदेशले अनुगमन थालेको छ ।

प्रादेशिक दुग्ध विकास बोर्डका सदस्य दीपेन्द्र कुमार यादवको नेतृत्वमा गएको अनुगमन टोलीले सप्तरीको बरमझियामा उत्पादित पेडालाई ब्रान्डिङ, लेबलिङ, उत्पादन मिति र अन्तिम मितिसहितको विवरण उल्लेख गर्न निर्देशन दिएको छ ।



सो टोलीले पेडा व्यवसायीहरुलाई आफ्नो व्यवसायलाई थप परिमार्जित गर्दै व्यवसायिक गतिविधिहरुमा जोड दिन उनीहरुलाई सुझाव दिएका छन् । सदस्य यादवले बरमझियाको पेडालाई राष्ट्रियस्तरमा आफ्नो पहिचान तथा यसको प्रवर्द्धनको लागि बोर्डले आवश्यक सहयोग गर्ने बताए।

सो अनुगमनको क्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सप्तरीका कार्यालय प्रमुख विक्रम लिम्बुकोसमेत सहभागिता रहेको थियो ।

# मदरसामा दीक्षान्त समारोह

**टुडे समाचारदाता**

जनकपुरधाम । अल जामेअतुल हन्फियतुल गौसिया मदरसामा आयोजना गरिएको दिक्षान्त समारोहमा १४ जना विद्यार्थी दस्तारबन्दी गरिएको छ।



जनकपुरधाममा सोमबार सब-ए-बरातकोअवसरमाआयोजना गरिएको दीक्षान्त समारोहमा मदरसामा अध्यनरत छात्रमध्ये पहिलो पटक १४ जनालाई मौल्वी, हाफिज र कारी शीर्षकमा दस्तारबन्दी अर्थात शैक्षिक योग्यता अनुसारको प्रमाणपत्र वित्तरण गरिएको छ ।

यसबाट विद्यार्थीहरुमा उत्साह तथा प्रोत्साहन वृद्धि हुने मदर्सा कार्यसमिति सदस्य मोहम्मद वसिम अकरमले विश्वास व्यक्त गरे ।

शब-ए-बारात प्रत्येक वर्ष हिज्री भित्ते पात्रो (ईस्लामिक क्यालेन्डर) को ८ औं महिना शाबानको १५ औं दिनको रातमा मनाइने पर्व हो ।

यो पर्वमा रातभरी ईस्लाम धर्मावलम्बीहरुले कुरान पढ्ने, नमाज पढ्ने, मस्जिद र मदर्सामा गई विभिन्न धार्मिक क्रियाकलापका संगै गरिबहरुलाई खाना खुवाउने, दान गर्ने चलन रहेको छ । शब-ए-बारातको करिब १५ दिन पछि इस्लाम धर्मको पवित्र महिना रमजान सुरु हुनेछ । रमजानमा महिनाभर मुस्लिम समुदाय दिनभर निराहार उपवासमा बस्ने गर्छन् ।

# आयोजनाबारे एमाले उपाध्यक्षको चासो

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले लुम्बिनी प्रादेशिक अस्पतालमा निर्माणसुरुहुनलागेकोभवननिर्माण आयोजनाबारे सोमबार स्थलगत अनुगमन गरी जानकारी लिएका छन्। आयोजनाको जानकारी लिँदै रुपन्देही क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्यसमेत रहेका उपाध्यक्ष पौडेलले गुणस्तरियतासँगै समयमै काम सक्न प्रदेश पूर्वाधार विकास प्राधिकरण र निर्माण कम्पनीलाई आग्रह गरे । सो अवसरमा उनले कुनै पनि बहानामा आयोजना सम्पन्न गर्ने काममा ढिलाई नगर्न तथा गुणस्तरीय काममा जोड दिन आग्रह गरे । प्रादेशिक अस्पतालमा रु ६ अर्ब १८ करोड ७५ लाखको लगानीमा एक हजार दुई सय शय्याको भवन निर्माण गर्न प्रक्रिया अगाडि बढेको छ । पाँच वर्षभित्र सो आयोजना सम्पन्न गर्ने लक्ष्य छ। उपाध्यक्ष पौडेलले रुपन्देहीमा ठूलो लगानीमा संरचना निर्माण हुन लागेको उल्लेख गर्दै प्रदेशले अगाडि बढाएको यो आयोजनालाई सङ्घीय सरकारबाट आवश्यकपर्ने सहयोगका लागि पहल गर्ने बताए । उनले भने, "यो आयोजना प्रदेशवासीको सर्वाधिक सरोकारको आयोजना हो ।" सो अवसरमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुदर्शन थापाले जोखिमरहित तरिकाले अस्पतालको हालको स्वास्थ्य सेवामा कुनै पनि प्रभाव नहुने गरी पुराना संरचनालाई मार्किङ गरेर हटाउने प्रक्रिया सुरु भएको गरिएको उपाध्यक्ष पौडेललाई जानकारी दिए । अस्पतालमा बहिरङ्ग सेवामा जनरल मेडिसिन, न्युरो मेडिसिन, यौन तथा छाला रोग, नेफ्रोलोजी, जनरल सर्जरी, हाड जोर्नी तथा नसा रोग, नाक कान घाँटी रोग, आँखा रोग, युरोलोजी, न्युरो साइक्याट्रिक, दन्त रोग, कार्डियोलोजी, प्लास्टिक सर्जरीलगायत सञ्चालनमा रहेको अस्पतालका सूचना अधिकारी वरिष्ठ बाल रोग विशेषज्ञ डा नेत्रबहादुर रानाले जानकारी दिए । अस्पतालमा निर्माण हुनलागेका आयोजनाको जानकारी लिएपछि उपाध्यक्ष पौडेलले सोमबारै अस्पतालका चिकित्सकसँग अस्पतालमा गुणस्तरिय स्वास्थ्य सेवा बिस्तारका बारेमा बारेमा छलफल गरेका थिए । त्यस अवसरमा अस्पतालका बरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ डा विष्णु शर्माले लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालका रुपमा लैजान ढिलाई गर्न नहुने सुझाव दिए ।यस्तै अस्पतालका पूर्वमेडिकल सुपरिटेन्डेन्ट डा इन्द्र ढकालले प्रादेशिक अस्पतालमा निर्माण हुने पूर्वाधार आयोजनाको जनस्तरबाट विज्ञसहितको सुझाव तथा अनुगमन समिति बनाउनुपर्ने सुझाव दिए। उनले भवन निर्माण गर्दा आवश्यक संरचना व्यवस्थापनमा पटक पटक तोडफोड गरेर व्यवस्थापन गर्न नपर्ने गरी पहिले नै ध्यान दिनुपर्ने सुझाव दिए ।प्रदेश पूर्वाधार विकास प्राधिकरणमापत नयाँ भवनको निर्माण अगाडि बढेको हो । अस्पतालको ६ बिघा १२ कठ्ठा जग्गामा भवन निर्माण हुन लागेको प्रदेश पूर्वाधार विकास प्राधिकरणअन्तर्गत सो आयोजनाका प्रमुख इञ्जिनियर रमेश शर्माले जानकारी दिए । हालको तीन सय (समितिबाट थप भएकोसमेत गरी पाँच सय) शय्याको अस्पताललाई विस्तार गरी न्यूनतम एक हजार दुई सय शय्याको क्षेत्रीय बहु अनुसन्धनात्मक अस्पताललाई स्तरोन्नति गर्ने प्रस्ताव गरिएको उनको भनाइ छ ।

# उपनिर्वाचनको कार्यतालिका सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु । निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभामा रिक्त इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा सदस्य (क) को उपनिर्वाचनका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ ।



आयोगका सहायक प्रवक्ता डा थानेश्वर भुसालद्वारा सोमबार जारी विज्ञप्तिमा यही फागुन १६ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी २०८० चैत २२ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ । सो उपनिर्वाचनमा भाग लिन चाहने राजनीतिक दल दर्ताका लागि यही फागुन २४ देखि ३० गतेसम्मको म्याद दिइ सूचना प्रकाशन गरिनेछ । प्रतिनिधिसभामा इलाम-२ बाट निर्वाचित सुवासचन्द्र नेम्वाङ र बझाडबाट निर्वाचित प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको निधन भएकाले उक्त पद रिक्त थियो ।


यस्तै आगामी २२ गते मुख्य निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी चैत २४ गतेदेखि २७ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछ ।

निर्वाचन कार्यक्रमअनुसार चैत २४ गते उम्मेदवारको मनोनयन दर्ता र चैत २७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न वितरण गरिनेछ । यस्तै चैत २८ गतेदेखि २०८१ वैशाख १२ गतेसम्म प्रचारप्रसारको अवधि रहनेछ । आयोगले सरकारसँगको परामर्शमा आगामी २०८१ वैशाख १५ गते सोमबारका दिन निर्वाचनको मिति तोकेको थियो ।

# पर्सा राष्ट्रिय निकुञ्जमा बाघको मृत्यु

**टुडे समाचारदाता**

बारा । पर्सा राष्ट्रिय निकुञ्जको खोरमा रहेको घाइते पाटे बाघको मृत्यु भएको छ । सोमवार बिहान खाना दिने समयमा बाघ मृत अवस्थामा भेटिएको निकुञ्जले जनाएको छ। यद्यपि सो बाघको मृत्यु आइतबार राति नै भएको निकुञ्जको स्पष्ट पारेको छ ।




यसअघि पनि निकुञ्जको खोरमा रहेको ३ वटा पाटे बाघमध्ये एक बघिनीको मृत्यु भएको थियो । यी दुवै बाघले जनधनको क्षति गरेको भन्दै ठोरी गाउँपालिका वडा नं ५ स्थित सुवर्णपुरबाट 'डार्ट' गरी ल्याएर खोरमा राखेर निकुञ्जले रेखदेख गर्दै आएको थियो ।

खोरमा राखिएको बाघलाई निकुञ्जले दैनिक ५ केजीका दरले भैंसीको मासु खुवाउने गर्दछ । आइतबार राति मृत्यु भएको करिब १० वर्ष उमेरको सो बाघ अर्को भाले बाघसँग जुध्दा घाइते भएको थियो । निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले घाइते बाघलाई औषधी उपचार भइरहे पनि बचाउन नसकिएको बताए ।

पर्सा राष्ट्रिय निकुञ्जमा ३ वर्षको अन्तरालमा ४ वटा वयस्क बाघले ज्यान गुमाइसकेका छन् । हाल पर्सा राष्ट्रिय निकुञ्जमा ४१ वटा वयस्क पाटे बाघ छन् । संरक्षणको क्षेत्रमा गरिएको पछिल्लो प्रयासका कारण पर्सा निकुञ्जमा बर्सेनि बाघको संख्या बढ्दै गएको छ । १२ वर्ष अघिसम्म यो निकुञ्जमा ३ वटामात्र बाघ थियो ।

गत वर्ष बाघ गणना गर्दा यहाँ ४१ वयस्क बाघ रहेको पाइएको छ । बाघको संख्या बढेसँगै वासस्थानको अभाव हुँदा बाघहरू आफै जुधेर घाइते हुने र घाइते बाघले बस्तीमा पसेर जनधनको क्षति पुऱ्याउने गर्दै आएको छ। हाल नेपालमा ३ सय ५० वटा पाटे बाघ रहेको जनाइएको छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




जनकपुरधामस्थित पवित्र सरोवर गङ्गा सागर, धनुष सागर, स्वर्गद्वारी, जानकी मन्दिरलगायत आसपास क्षेत्रको हवाई दृश्य । तस्बिर : रासस

# जाँचबुझ आयोगले माग्यो १५ दिनको समय

टुडे समाचारदाता

काठमाण्डु। सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले यही फागुन मसान्तभित्र प्रतिवेदन प्रस्तुत गर्ने गरी अवधि थप गर्न सरकारसमक्ष अनुरोध गरेको छ। आयोगले यही फागुन १५ गतेभित्र प्रतिवेदन प्रस्तुत गर्न केही समय नपुग भएकाले समयावधि थपका लागि गृहमन्त्रालयमार्फत नेपाल सरकारसमक्ष अनुरोध गरेको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट सङ्कलन भएका केही थप प्रमाण र तथ्य प्राप्त हुन आएकाले सोको अध्ययन विश्लेषण गर्न र केही निकायबाट विवरण तथा जवाफ प्राप्त भइनसकेकाले प्रतिवेदन लेखनमा ढिलाइ भएको आयोगका अध्यक्ष डिल्लीराज आचार्यले जानकारी दिए।



आयोग प्राप्त प्रमाणको अध्ययन, विश्लेषण र प्रतिवेदन तयारीमा रहने हुँदा यो अवधिलाई आयोगको मौन अवधिका रुपमा बुझिदिन उनले आग्रह गरे। आयोगले फागुन मसान्तभित्रै सरकारसमक्ष प्रतिवेदन पेस गर्ने उनको भनाइ छ। सरकारले गत असोज १५ गते सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग, २०८० गठन गरेको थियो। आयोगलाई तीन महिनाभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको थियो। तीन महिनामा अध्ययन नसकिएपछि आयोगलाई दुई महिनाको समय थप गरिएको थियो।

# बिना प्रतिस्पर्धा वीर अस्पतालद्वारा औषधि खरिद

टुडे समाचारदाता

काठमाण्डु । वीर अस्पतालले फार्मेसीका लागि औषधि खरिद बिना प्रतिस्पर्धा गरेको पाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार गरेको अनुगमनका क्रममा त्यस्तो पाइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत रविकान्त मिश्रले जानकारी दिए।





अस्पताल प्रशासनले भने तीन वटा फार्मेसीका लागि औषधि प्रक्रिया पूरा गरेरै खरिद गरेको दाबी गरेपनि अनुगमनका क्रममा भने २०७८ देखि पुरानै सम्झौताअनुसार खरिद भइरहेको पाइएको उनको भनाइ छ।अनुगमन टोली सदस्य समेत रहेका वरिष्ठ जनस्वास्थ्य अधिकृत मिश्रले भने, "विसं २०७८ देखि हालसम्म बोलपत्र आह्वान नगरी औषधिखरिद गरिरहेको अनुगमनका क्रममा देखिएको छ।"

उनले अनुगमनका क्रममा अत्यावश्यक औषधिफार्मेसीमा नभएको, अनावश्यक औषधिस्टोरमा राखेको, म्याद सकिएको औषधि फिर्ता नगरी धेरै मात्रामा राखेको, फार्मेसीको स्टोरमा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड पनि पालना नगरेको पाइएको जानकारी दिए। वीर अस्पतालका निर्देशक सन्तोष पौडेलले फार्मेसीको नेतृत्व यसबीच तीन पटक परिवर्तन भएकाले बोलपत्र आह्वानमा समस्या देखिएको बताए। उनले केही औषधि खरिदका लागि भने बोलपत्र आह्वान भइसकेको जानकारी दिए।

"बीमाबाट आउनुपर्ने रकम छ महिनासम्म पनि नआउदा आपूर्तिमा समस्या भएको हो। अन्यत्रबाट सोझै खरिद गरी ल्याउन सकिन्न", उनले भने, "आपूर्तिकर्तासँग अत्यावश्यक औषधिखरिदका लागि पटक-पटक छलफल गर्दा पनि भुक्तानी नभएकाले आपूर्ति रोकिएको छ।"निर्देशक पौडेलले प्राविधिक जनशक्ति अभावले अस्पतालद्वारा सञ्चालित तीन वटा फार्मेसी चौबिस घण्टा सञ्चालन गर्न नसकिएको पनि बताए। उनले एउटा काउन्टरलाई २४ घण्टा सञ्चालन गरे पनि दुई वटा काउन्टर भने बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र सञ्चालन भइरहेको जानकारी दिए।

उनले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको निर्देशनमा फार्मेसी भवन निर्माणका लागि खालि ठाँउमा टहरा निर्माणको ठेक्का लगाउने प्रक्रियामा अगाडि बढाइएको जानकारी दिए। "केही दिनमा टहरा निर्माण र बोलपत्र आह्वान गरी औषधिआपूर्ति पनि भइसक्छ", उनले भने, "जनशक्ति थप गरेपछि अहिलेको समस्या ९० प्रतिशत समाधान हुनेछ।"

# पटेर्वाघाट पुल शिलान्यासपछि स्थानीय भन्छन् - समयमै निर्माण हुनेमा आशावादी छौँ

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-४ र सिरहाको कल्याणपुर नगरपालिका-५ जोड्न कमला नदीमा छ सय मिटर लामो पक्की पुल निर्माण हुने भएपछि स्थानीयले प्रसन्नता व्यक्त गरेका छन् । गत शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुलको शिलान्यास गर्नुभएसँगै स्थानीयहरु वर्षौंपछिको समस्या समाधान हुने भन्दै खुसी व्यक्त गरे।

सबैला नगरपालिका-४ का अध्यक्षसमेत रहनुभएका स्थानीय सत्यनारायण यादवले आफूले बाल्यकालमै पटेर्वाघाटमा पुल बन्ने हल्ला सुने पनि अहिले आएर पुल निर्माणले साथर्कता पाउने अवस्था आएको बताउनुभयो । प्रधानमन्त्री दाहालले पुलको शिलान्यास गर्दै व्यक्त गर्नुभएको प्रतिबद्धतापछि स्थानीयसँगै आफू पनि समयमै पुल निर्माण हुनेमा आशावादी बनेको उहाँले राससलाई सुनाउनुभयो।

"बाल्यावस्थामै पुल बन्छ भन्ने सुनिएको हो तर ढिलै भए पनि निर्माण सुरु भएको छ। अब निर्धारित समयमै पुल बनाएर कमला नदी (पटेर्वाघाट) को समस्या सधैँका लागि समाधान गर्नुपर्छ", यादवले भन्नुभयो, "प्रधानमन्त्रीको प्रतिबद्धतापछि हामी उत्साहित छौँ। त्यसलाई निराशामा परिणत नहुने गरी बजेटलगायतको बन्दोबस्त गर्न हाम्रो आग्रह छ।"

कल्याणपुर नगरपालिका-५ का अध्यक्ष कुलदीपकुमार यादव पनि पुल निर्माणको खबरले त्यहाँका जनता निकै उत्साहित भएको बताउनुहुन्छ । उहाँले वर्षौंदेखि भोग्दै आएको समस्या समाधान र नदी किनारका नागरिकलाई जोड्न निर्धारित समयमै पुल निर्माण हुने अवस्थाका लागि पनि आग्रह गर्नुभयो । "पुल निर्माण हुने भनेपछि हामी उत्साहित भएका छौँ । तर त्यही खोलाको अर्को पुल १२ वर्षसम्म पनि नबनेको पीडा पनि देखेका छौँ। समयमा काम हुँदैन भनेर जनतामा रहेको अविश्वास तोड्न पनि यो पुल समयमै बनोस्", वडाध्यक्ष यादवले भन्नुभयो।

स्थानीय कारीखर्गा यादव, कुमारी महरा, झिमनिया यादव, कलठरीया यादव र वीना यादवले पनि प्रधानमन्त्रीले समयमै पुल बन्छ भनेर आश्वासन दिएपछि आफूहरू उत्साहित भएको तर त्यो वचन पूरा हुन्छ कि हुँदैन भन्ने संशय भने कायमै रहेको बताउनुभयो । महराले भन्नुभयो, "नदीले हामीलाई छुट्याए पनि दुवैतर्फका



नागरिकका आफन्त, घरजग्गा वारिपारी छन् । अहिलेसम्म निकै जोखिम मोलेर वारपार गरिरहेका छौँ। वर्षायाममा त प्रत्येक पटक रु दुई सयसम्म भाडा तिरेर डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्छ । त्यसबाट मुक्तिका लागि सरकार गम्भीर बनोस्।"

झिमनिया यादवले त आगामी साढे तीन वर्षभित्रै पुल बन्छ भनेको सुन्दा पनि अहिलेसम्मका सबै सास्तीबाट मुक्ति मिलेका जस्तै आभास भएको बताउनुभयो । "पुल नहुँदाको पीडा भनी साध्य छैन। जुगौँदेखि सास्ती भोगिरह्यौँ। स्थानीय नेता र प्रधानमन्त्रीले नै अब पुल बन्छ भन्ने आश्वासन दिएपछि केही आशा पलाएको छ । बिन्ति छ यो आशालाई निराशासमा परिणत हुननदिनु होला!", उहाँले भन्नुभयो।

स्थानीय कारिखर्गा यादव पनि वर्षायाममा कमला नदीले दिएको दुःख सम्झिँदा पनि उदेक लाग्ने गरेको तर अब भने सरकारले आफूहरूको पीडा बुझ्ने आशा पलाएको सुनाउनुहुन्छ। "यत्रो वर्ष दुःख भोगियो। अब त साढे तीन वर्ष मात्रै त हो!", उहाँले खुसी हुँदै भन्नुभयो, "तर, बिन्ती छ त्योभन्दा बढी दुःख भोग्न बाध्य नपार्नुहोला।"

कल्याणपुर नगरपालिका सिरहाका प्रमुख रामपुकार साहले स्थानीय जनताको मागबमोजिम लामो समयपछि पुल बन्न लागेकामा आफू पनि निकै खुसी र आशावादी बनेको बताउनुभयो। उहाँले यो पुल त्यस क्षेत्रका जनताको विकास, सहज आवागमन र वर्षौंदेखिका समस्या निवारण हुने सपनासँग जोडिएकाले सोहीअनुसार निर्धारित समयमै काम हुनुपर्ने बताउनुभयो। "अलि तल हुलाकी सडकअन्तर्गत कमला नदीमाथिको पुल वर्षौंदेखि बन्न नसकेका बेला फेरि यहाँ पुल बन्दैछ। त्यसैले विभिन्न शङ्काउपशङ्का त छन् तर अब भने जनताको विश्वास र सपनालाई तोड्नु हुँदैन। सरकार र सम्बन्धित मन्त्रालयले बजेट व्यवस्थापन, नियमित निगरानी र समयमै काम सम्पन्न गर्ने वातावरण बनाउनुपर्छ। त्यसमा हामी पनि जोडतोडका साथ लाग्छौँ", नगरप्रमुख साहले भन्नुभयो।

### लागत रु एक अर्बभन्दा बढी

स्थानीय जनताको सपनासँग जोडिएको बहुप्रतिक्षित यो पुल अबको ४२ महिनाभित्रै निर्माण गरिसक्नुपर्नेछ । सोहीअनुसार सम्झौता पनि भइसकेको छ। तर कूल रकम रु एक अर्ब ११ करोड पाँच लाख ७४ हजार आठ सयमा ठेक्का भएको सो योजनाका लागि चालु आर्थिक वर्षमा ६५ लाख मात्रै बजेट विनियोजन गरिएको छ।

योजनाको लागत धेरै तर चालु आर्थिक वर्षका लागि निकै कम बजेट विनियोजन गरिएकामा कतै बजेटको अभावमा काम नहुने त होइन भन्ने चिन्ता छ । तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको सडक विभाग पुल सेक्टर काठमाडौँका योजना प्रमुख डिभिजनल इञ्जिनियर आरती साह योजना कार्यान्वयनका लागि बजेट अभाव नहुने बताउनुहुन्छ। उहाँ यस्ता प्रकृतिका योजनामा सुरुमै सबै बजेट विनियोजन नभए पनि बजेटको अभाव नहुने बताउनुहुन्छ। "चालु आवमा रु ६५ लाख मात्रै विनियोजन गरिएको छ । यस हिसाबले त निर्माण कम्पनीलाई एउटा मेसिन ल्याउने पैसा पनि पुग्दैन भन्ने गुनासो हामीले पनि सुनेका छौँ तर यही आर्थिक वर्षमा रकमान्तर गरेर बजेट बढ्छ र आगामी आर्थिक वर्षमा अझ बढी बजेट बनियोजन हुन्छ।"

त्यसैमा गत शनिबार प्रधानमन्त्री दाहालले पुल शिलान्यास र समयमै सम्पन्न गर्नका लागि आफ्नो सम्पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएपछि आफूहरू थप उत्साहित भएको साहले बताउनुभयो। उहाँ जनविश्वास जित्नका लागि पनि आफूहरूले कुनै प्रश्न नउठ्ने गरी समयमै पुल निर्माण गरिसक्ने बताउनुहुन्छ। "स्थानीय जनताको आवश्यकताअनुसार हामी द्रुतगतिमा काम गरिरहेका छौँ । एक वर्षभित्र पाइल फाउन्डेसनको काम सकाउने र सकेसम्म विसं २०८२ को माघ नआउनुअघि नै सम्पूर्ण योजनाको कामसक्ने हाम्रो जोड हुन्छ", योजना प्रमुख साहले राससँग भन्नुभयो, "यस कार्यमा प्रधानमन्त्री, विभागीय मन्त्री र सबै तहको दवाव र विश्वास पनि छ । त्यसहिसाबले हामी दत्तचित्त भएर काम गर्छौं।"

हुन त शिलान्याशपछि आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले पनि आगामी आर्थिक वर्षको बजेटमा पर्याप्त बजेट विनियोजन हुने र बजेट अभावका कारण योजना सम्पन्न गर्न कुनै समस्या आउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । "पुलका लागि आगामी वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा विशेष व्यवस्था हुनेछ", प्रधानमन्त्रीले विश्वास दिलाउनुभएको थियो।

साढे तीन वर्षभित्र पुल निर्माण गरिसक्ने गरी गत वर्ष अर्थात् विसं २०७९ असार २९ गते ठेक्का सम्झौता भइसकेको छ । सम्झौताअनुसार आगामी विसं २०८२ माघ ५ गते (४२ महिना) भित्र पुल निर्माण सम्पन्न गरिसक्नुपर्नेछ । कञ्चनवन-जानकी मेडिकल मिथिलेश्वर सबैला एनएच २९ नाम दिइएको योजना निर्माणको काम श्री इलाइट एसबिएजेभी, काठमाडौँले गरिरहेको छ। गत भदौ १८ गते पुलको डिजाइन स्वीकृत भई हाल 'पाइल फाउण्डेशन' को काम चलिरहेको छ।

दुई लेनको सो पुलमा १० वटा स्पान रहनेछन् भने एउटा स्पानको लम्बाई ६० मिटर हुनेछ। पुलको चौडाई ११ मिटर रहने छ। पुलको दायाँबायाँ नौ सय ५० मिटर पहुँच सडक, दुवैतर्फ चार हजार दुई सय मिटर नदी नियन्त्रण हुने गरी व्यवस्थापन कार्य हुने सम्झौतामा उल्लेख छ। यो पुलले धनुषाको छिरेश्वर नगरपालिका रमदैया भवाडीस्थित जानकी मेडिकल कलेज शिक्षण अस्पताल हुँदै जाने सडक सिरहाका सुखीपुर जोड्नेछ। त्यसबाट स्थानीय जनतालाई हुलाकी सडक भएर जानुपर्ने बाध्यता पनि हट्नेछ।

# कालापत्थरमा महिला दिवस मनाइने

टुडे समाचारदाता

काठमाण्डु। जलवायुपरिवर्तन तथा महिला सशक्तिकरणका क्षेत्रमा काम गर्दै आएको संस्था साथसाथैले यस वर्षको अन्तर ाष्ट्रिय महिला दिवस सगरमाथा क्षेत्रको कालापत्थरमा मनाउने भएको छ।



जलवायु परिवर्तनले सगरमाथा क्षेत्रमा पारेको असर र हिमाली समुदायले सामना गर्नुपरेका चुनौतीका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउन समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित महिलाको समूहले उक्त स्थानमा पदयात्रा गर्न लागेको संस्थाले जनाएको छ।साथसाथैका अध्यक्ष प्रजिता कार्कीले आज विज्ञप्तिमार्फत लुक्लाबाट कालापत्थरसम्म पदयात्रा गर्ने र विभिन्न स्थानमा स्थानीय तहका जनप्रतिनिधि तथा समुदायसँग जलवायु परिवर्तनले पारेको असरबारे अन्तरक्रिया गरिने जानकारी दिए।

"हामीले विगत तीन वर्षदेखि अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा 'वुमन युनाइटेड फर क्लाइमेट जस्टिस' (जलवायु न्यायका लागि महिला एकता) भन्ने नारासहित कालापत्थरमा पुगेर राष्ट्रिय-अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउँदै आएका छौँ। यसपटक पनि हामीले जलवायु परिवर्तनका कारण हिमाल पग्लिँदा हिमालको फेदमा बस्ने समुदायले भोग्नु परेका समस्या र समाधानका उपायबारे विज्ञ र सरोकारवाला निकायसँग अन्तरक्रिया गर्नेछौँ", विज्ञप्तिमा उल्लेख छ।

साथसाथैले विभिन्न क्षेत्रमा अग्रणी भूमिकामा रहेका २५ जना महिलासहित यही फागुन १७ गते काठमाडौँबाट लुक्लातर्फ प्रस्थान गर्ने, फागुन १९ गते स्याङबोचेमा 'जलवायु न्यायका लागि सरकार र समुदायलाई जोड्न महिला सशक्तिकरण' भन्ने नारासहित स्थानीय जनप्रतिनिधि र स्थानीय समुदायसँग अन्तरक्रिया जनाएको छ।स्याङबोचेमा कार्यक्रमपछि पदयात्रा गर्दै ८ मार्चमा कालापत्थरमा पुगेर राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायलाई हिमाल पग्लिँदा समुदायमा परेको असर, कृषि र पर्यटन क्षेत्रमा परेको मारलगायतका विषयमा ध्यानाकर्षण गराउने अध्यक्ष कार्कीले उल्लेख गरेका छन्।

यसअघि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि सोलुखुम्बुको स्याङबोचेमा पुगेर हिमाल पग्लिने क्रम बढेकोप्रति विश्व समुदायको ध्यानाकर्षण गराएका थिए। संयुक्त राष्ट्रसङ्घले 'इन्भेस्ट इन वुमन : एक्सलेरेट प्रोग्रेस' (गतिशील प्रगतिका लागि महिलामा लगानी' भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवस २०२४ मनाउन गइरहेको छ।

# अझै पाँच जिल्ला पूर्ण खोप घोषणा हुन बाँकी

टुडे समाचारदाता

काठमाण्डु । मुलुकका पाँच जिल्लाले पूर्ण खोप जिल्ला घोषणा गर्न सकेका छैनन्। नुवाकोट, पर्सा, रौतहट, महोत्तरी र धनुषा जिल्ला पूर्ण खोप जिल्ला घोषित हुन अझै बाँकी छन्।

स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले नुवाकोट र पर्सा पूर्ण खोप घोषणाको तयारीमा रहेको बताए । पूर्ण खोपका लागि दुई वर्षमुनिका बालबालिकाले शत्प्रतिशत खोप लगाएको हेरिने गरिन्छ । ती पाँच जिल्लाका १६ स्थानीय तहलाई पूर्ण खोप घोषणा गर्न बाँकी छ । यसैगरी, नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार चार प्रतिशत बालबालिका पूर्ण खोपबाट वञ्चित छन्। नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार एक प्रतिशत बालबालिका पूर्ण खोपबाट वञ्चित हुन परेको थियो। कोरोना महामारीका कारण बालबालिका खोप लगाउन छुटेका प्रमुख डा गौतमले बताए।

"पूर्ण खोप नलगाएसम्म बालबालिका सुरक्षित हुँदैनन्," उनले भने, "विभिन्न रोगबाट बचाउनका लागि बालबालिकालाई सरकारले दिने निःशुल्क खोप लगाउनुपर्दछ।"सरकारले नौ रोगका लागि १३ प्रकारका खोप बालबालिकालाईनिःशुल्कउपलब्ध गराउने गर्दछ । सरकारले खोप लगाउन छुटेका बालबालिकालाई प्रत्येक वर्ष वैशाख महिनामा खोप महिनाका रुपमा मनाउँदै आएको छ । उक्त समयमा देशभरि नै खोज र खोप अभियान सञ्चालन गरी नियमित खोप छुट भएका बालबालिकालाई छुट खोप दिइँदै आएको प्रमुख डा गौतमले बताए। गत वैशाखमा पाँच वर्षमुनिका ४० हजार चार सय ६३ बालबालिकालाई छुटेको खोप दिन सफल भएको उनको भनाइ छ।

सरकारले पूर्ण खोपका सुनिश्चिताका लागि तथा दादुर ा-रुबेलाको सङ्क्रमणलाई ध्यानमा राखेर दादुरा-रुबेला खोपसँगै हेपाटाइटिस बी, धनुष्टङ्कार, इन्फ्लुयन्जा, लहरेखोकी, भ्यागुते रोग, निमोनिया र पोलियोविरुद्ध खोपसमेत सञ्चालन गरेको छ।

# संसद बैठक १५ मिनेटका लागि स्थगित


टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रमुख प्रतिप्रक्षी दल नेकपा (एमाले) का सांसदहरुले विभिन्न माग राखी नाराबाजी गरेपछि बैठक अवरुद्ध भएको छ।

एमाले सांसदहरुले सरकारले मिटरब्याज पीडित तथा दूध किसानका समस्या समाधानमा गम्भीर नभएको आरोप लगाउँदै नाराबाजी गरेपछि सभामुख देवराज घिमिरेले बैठक १५ मिनेटका लागि स्थगित भएको घोषणा गरे। बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी दल एमालेलगायत अन्य विपक्षी दलका सांसदहरु आफ्नो आसनबाट उभिएर विरोध जनाएपछि सभामुखले एमालेका सांसद गोकुलप्रसाद बाँस्कोटालाई बोल्न समय दिएका थिए।

सांसद बाँस्कोटाले विपक्षी दलले सदनमा उठाएका समसामयिक विषयमा सरकार गम्भीर नभएको, सभामुखले रुलिङ गर्दा समेत सरकारले कुनै जवाफ नदिएको टिप्पणी गरे। उनले मिटरब्याज पीडित न्यायका लागि काठमाडौं आउनुपरेको अवस्थामा सरकारले वेवास्ता गरेको, दूधको मूल्य नपाएर किसानले दूध बाटोमा पोख्नुपरेको अवस्थामा समाधानमा कुनै पहल नगरेको आरोप लगाए।

सांसद बाँस्कोटाले सरकारले प्रभावकारी काम गर्न नसकेको भन्दै विवादित मन्त्रीले नैतिकताका आधारमा राजिनामा दिनुपर्ने माग गरे। बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद राजेन्द्रप्रसाद लिङ्देनले मिटरब्याज पीडित जनताले न्याय नपाएको, दुग्ध किसानका समस्या समाधानमा सरकार गम्भीर नभएको र लघुवित्त पीडितले न्याय नपाएको उल्लेख गर्दै समस्या समाधानमा ठोस सम्बोधन नभए बैठक अवरोध गर्ने चेतावनी दिए।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ठाकुरले पद नछाडे हटाइनु पर्छ

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले पार्टीको नेतृत्व गर्न पूर्ण रुपमा असफल भएकाले पद नछाडे हटाइनु पर्छ । लोसपा गठन भएदेखि पार्टी निष्प्राण भएको छ। पार्टीको कुनै पनि निकाय क्रियाशील छैन ।लोसपा गतिहीन छ । सयौं मानिसलाई राखेर केन्द्रीय समिति गठन गरिए पनि त्यसको उपयोगिता देखिएको छैन । कांग्रेस छाडेर आफ्नै अध्यक्षतामा मधेशी दल गठन गरेको १६ वर्षदेखि नै उनी विभिन्न अवरोह पार गरेपनि अध्यक्ष रहिरहेका छन् । ठाकुरकै महत्वाकांक्षाको कारण जसपाबाट अलग्गिनु परेको थियो । आफू अध्यक्ष र आफ्ना नाताकुटुम्ब र आसेपासेलाई पदाधिकारी बनाएर राखेका छन् । त्यसकारण लोसपाले गत चुनावमा राष्ट्रिय पार्टीको मान्यता समेत गुमाइसकेको छ । लोसपाको केन्द्र, प्रदेश र जिल्लामा समेत कुनै गतिविधि देखिदैन । संघीय र प्रदेश सरकारमा रहेको लोसपाको अन्य कुनै गतिविधि छैन । राजनीतिक दलहरुले वडा स्तरसम्म संगठन विस्तार गर्न अहिले अनेक प्रकारको राजनीतिक अभियानहरु चलाइरहेका छन् । तर लोसपाको कुनै गतिविधि छैन । राजनीतिक गतिविधि शून्यमा झरिसके पनि अध्यक्ष ठाकुरले पद त्याग गर्ने पक्षमा छैनन् । उनीमा शारीरिक, मानसिक रुपमा समेत सकृयताका साथ राजनीतिक दल हाँक्ने स्थिति देखिदैन। दलमा कुनै अनुशासन छैन। पार्टीको संगठनात्मक संरचनाहरु तहसनहस भइसकेको छ । केन्द्रीय निकायहरु समेत गतिविधिविहीन अवस्थामा छ। प्रदेश र जिल्लाहरुमा त संगठन पनि छैन ।लोकतान्त्रिक विधि अनुसार नेतृत्वको छनोट नगरी पटक पटक टिका लगाएर नेता छान्ने प्रवृतिले संगठन ध्वस्त हुन्छ। लोसपा पनि त्यही अवस्थामा पुगेको छ। अध्यक्ष ठाकुरकै अस्वभाविक महत्वाकांक्षाको कारण वरिष्ठ नेता राजेन्द्र महतोले अलग भएर मधेशी, आदिवासी, जनजाती, थारुलगायतको मुद्दा उठाएर अभियान सञ्चालन गरिरहेका छन्। अर्का वरिष्ठ नेता अनिल कुमार झा पनि निष्कृय नै छन् । एकजना वरिष्ठ नेता शरतसिंह भण्डारी संघीय सरकारमा मन्त्री रहेकाले ठाकुर विरुद्ध मुख खोलेका छैनन् । तर उनी निकटका केशव झाले त पत्र लेखेर नै अध्यक्ष ठाकुरलाई राजीनामा गरेर अर्को नेतालाई नेतृत्व हस्तान्तरण गर्न आग्रह गरेका छन् । समयमै राजीनामा दिएर मार्ग प्रशस्त नगरे पार्टीमा कोही पनि नरहने चेतावनी समेत दिएका छन् । ठाकुरलाई पद छाडन चौतर्फी दबाब बढिरहेपनि उनी राजीनामा दिइ पदासीन नै रहने उनको विकृत सोच हो । ठाकुरले अब राजीनामा नदिए उनका निकट सहयोगीहरुले समेत पार्टी छाडने बताइएको छ।

# प्रेरणाका श्रोत : अहिंसावादी नेता महेन्द्र नारायण निधि



प्रफुल्ल घिमिरे

फागुन १३ गते अहिंसावादी नेता महेन्द्र नारायण निधिको १०३औं जन्मोत्सव नेपाली काँग्रेस धनुषाले महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक केन्द्रमा भव्यताका साथ मनायो। बिधि , बिधान , नीति, निर्देशन , अनुशासनको धज्जी उडाउने सामर्थ्यबान नेतृत्व एवं कार्यकर्ताहरुको बिगबिगी रहेको धनुषाका काँग्रेसिहरुमा विधि बिधान , अनुशासन एवं आदर्श प्रति निष्ठावान रहेका आदर्श पुरुष महेन्द्र नारायण निधिको यस जन्मोत्सवको अवसरमा केही गुण मात्र अम्ल गर्ने प्रण गरे यिनका प्रति सच्चा श्रद्धाञ्जली दिएको ठहरिनेछ।

अतः यी आदर्श पुरुष प्रति पुष्परुपि केही शब्दहरुद्वारा भावपूर्ण श्रद्धाञ्जली !

नेपाली लोकतान्त्रिक आन्दोलनका एक युग पुरुष । धैर्य , संयम , समर्पण , नैतिक आदर्श र निष्ठाका असाधरण मानव । जल्ले लोकतन्त्रका लागि राणाकालिण निरकुंश जहाँनिया शाशनको विरुद्धमा शशस्त्र क्रान्ति देखि लिएर पञ्चायती निरंकुश तानाशाही शासन ब्यबस्थाका विरुद्धमा अहिंसावादी आन्दोलनको मार्गबाट मुलुकमा लोकतन्त्र ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गरे । इमानदारीता, प्रतिबद्धता , त्याग , समर्पण एंव सादगिका प्रतिमुर्ति नेपाली लोकतान्त्रिक संघर्ष ईतिहासका एक अथक योद्धा निधिको लोकतन्त्र प्रतिको आस्था बिचार र सिद्धान्तले गर्दा नाउँको मात्र निधि नभएर लोककतन्त्रकै निधि बन्न पुगेका एक अथक योद्धा महेन्द्र नारायण निधि प्रति हार्दिक श्रद्धा सुमन। बि.स. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसबाट राजनीति शुरूवात गरेका यिनले जिवनका अन्तिम क्षण (२०५६ बैशाख २० गते) सम्म आफ्ना मुल्य मान्यतामा दृढ रहि लोकतन्त्रका लागि निष्ठा पुर्वक सम्पुर्ण जीवनलाई समर्पण गरे।

२००७ सालको स-शस्त्र क्रान्ति देखी लिएर निरन्तर रूपमा लोकातन्त्र प्राप्तिका संघर्षमा होमिएका निधि गान्धीको बिचारबाट प्रेरित भएर बि. स. २०१८ साल देखि अहिसावादी आन्दोलनको नेतृत्व गर्दै आफ्नै बिचार र अडानका साथ २०४६ सालको शान्ति पुर्ण जन आन्दोलन सम्म आईपुग्दा महत्वपूर्ण नेतृत्वदायी भुमिका निर्वाह गरेका थिए।

अहिंसावादी आन्दोलनको माध्यमबाट हिमाल , पहाड , तराई मधेसका सम्पुर्ण नेपाली जनतालाई अधिकार सम्पन्न नेपाली नागरिक बनाउने राजनीतिको अलावा उनको न त कुनै अकांक्षा थियो न त कुनै सपना । पाँच दशक भन्दा ज्यादा समय सम्म राजनीतिमा लागेका निधि जीवनका अन्तिम क्षण सम्म राष्ट्रियता, प्रजातन्त्र ,र समाजवादलाई कार्यन्वयन गराउने अहिंसावादी आन्दोलनका पक्षधर राष्ट्रवादी, देशभक्त , कर्मबिर योद्धा थिए। अहिंसाबादी प्रिय बन्न पुगेका निधि जिवनको एउटा स्थापित मान्यता हुन।

जब इतिहासले आफ्नो पानामा सुनौलो अक्षरले महेन्द्र नारायण निधिलाई उल्लेख गर्नेछ तब उनका हरेक गतिविधिलाई राष्ट्रियता, राष्ट्रभक्तिको अनुपम उदाहरण मानेर अहिंसाबादी आन्दोलनको ब्याख्या गर्नेछ । उनले उठाएका बिषय नागरिकताको समस्या होस चाहे समानता पुर्ण गर्नुपर्ने बिकास निर्माण को या फेरि मित्र राष्ट्र भारतको साथ मित्रताको सम्बन्धमा होस वा विभेद पुर्ण रहेका मुलुकका नागरिकलाई राष्ट्रसंग मुल प्रवाहमा जोडने बिषयमा यिनी स्पष्ट थिए।

बहुभाषिक , बहु संस्कृति र भौगोलिक विविधताले सम्पन्न नेपाल तब सम्म पूर्ण नेपालको रुपमा परिभाषित हुन सक्दैन जब सम्म हिमाल , पहाड , तराई मधेस लगायत विभिन्न उपेक्षित क्षेत्रलाई नेपाल मानिदैन। तराई मधेस , पहाड र हिमालको अस्तित्व बिना नेपालको राष्ट्रिय एकता बलियो हुन सक्दैन भन्ने उनको स्पष्ट धारणा थियो। मुलुकको अत्यन्त संबेदनसिल एंव उपेक्षित क्षेत्रहरुको असन्तुष्टि आक्रोश एंव बिद्रोहको भावनालाई उनको नेतृत्वको परिपक्क सक्षमताले गर्दा आफ्नो जीवन कालमा गलत मार्गमा डोरिन दिएनन् ।

उनले जति पनि आफ्ना बिचारहरु प्रस्तुत गरे राष्ट्रिय मुद्दाहरु राखे त्यो सबै राष्ट्रियता, लोकतन्त्र , समाजवादको मार्गमा राष्ट्रिय एकता र अखंडतालाई मजबुत गर्न राष्ट्रियताको भावना जागृत गर्ने दिशामा उठाइएका सकारात्मक पाइलाहरु थिए ।

नेपालको प्रजातान्त्रिक आन्दोलनका एउटा प्रमुख हस्तीका रुपमा स्थापित हुन पुगेका महेन्द्र नारायण निधि बुवा राजेश्वर निधि र आमा श्रींगारमणी देबिको कोखवाट माहिलो संतानका रूपमा बि.स.१९७८ फागुन १३ गते फागुन कृष्ण द्ववादसिका दिन नगराइन गाउँमा जन्मेका थिए।

सम्पन्न परिवारमा जन्म लिएका निधिका बुवा राजेश्वर निधिको राणा शाशक वर्गसंग राम्रै संबध रहेको थियो। त्यस क्षेत्रका मानिसहरूले जमिन्दारको रुपमा चिन्दथे। राणाकालिण अवस्थामा प्रचुर मात्रामा बिधालयहरु खोलिएका थिएनन् । जे जति मात्रामा खोलिएका थिए ती बिधालयहरुमा राणाका, ठुलाबडाका छोरा नातिहरु मात्र पढ्न पाउंथे। यस विषम अवस्थामा यिनले घरमै शिक्षाको ज्ञान प्राप्त गरे। जिज्ञासु स्वभावका यिनले रामायण , महाभारत , श्रीमद्भागवत गीता, दुर्गा सप्तशती ,अन्य शास्त्र तथा किताबहरुका अध्यन गरेका थिए । भारतमा भइरहेको स्वाधीनता सङ्गामको सम्बन्धमा पनि यिनले राम्रै रुचिका साथ अध्यन गरिरहेका थिए।



यिनी किशोर अवस्थामा कामको शिलाशिलामा काठमाडौ जादा बि.स. २००२ सालतिर सिंह दर्वारबाट पुतली सडकको बिच बाटो भएर हिडेका कारण प्रहरिवाट बेस्सरी चुटाइ खाएका थिए । चुटाइले गर्दा एकतन्त्रीय राणा शासनको विरुद्ध बिद्रोहको भावना यिनमा जागृत भयो।

बि.स.२००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसका सभापति मातृकाप्रसाद कोइरालाबाट सदस्यता लिए पछि यिनी केन्द्रिय समितिको आमन्त्रित सदस्य बन्न पुगे। सदस्यता ग्रहण गरेर युवाहरुको सहयोगमा संकिर्तन मण्डली गठन गरि तराई मधेसको गाउँ गाँउमा धार्मिक कार्यक्रमका माध्यमबाट संगठन बिस्तार गर्दै राणा शासनको बिरुद्ध जन जागरण अभियानमा लागे ।

नेपाली राष्ट्रिय काँग्रेसको जोगबनीमा बैठक बस्यो। उक्त बैठकले २००४ बैशाख १ गते देखि देश ब्यापी रूपमा सत्याग्रह गर्ने निर्णय गर्‍यो ।

सत्याग्रह आन्दोलनको प्रचार कै सिलसिलामा जनकपुरका सिमावर्ती भारतिय क्षेत्रहरूमा जनसभाहरु भइरहेको थियो। यस्तै एउटा जनसभा सकेर नेताहरुलाई जनकपुर रोड रेल्वे स्टेसनबाट बिदा गरेर फर्कदा बि.स. २००४ साल कात्तिकमा महेन्द्र नारायण निधि ,सरोज कोइराला लगायतका साथीहरू सहित मठिहानिबाट पक्राउ परि जलेश्वर कारावासमा थुनिए ।

बि.स. २००७ आश्विन १० र ११ गते भारतको बिहारको बैरगिनिया भएको नेपाली काँग्रेसको सम्मेलनले स-शस्त्र क्रान्ति गर्ने निर्णय गर्‍यो।

२००७ सालको क्रान्तिमा मुक्ति बाहिनी सेनाले जनकपुरलाई आफ्नो कब्जामा लियो। तत्कालीन महोत्तरीको (धनुषा, महोत्तरी , सर्लाही ) जन सरकार गठन भयो। जन सरकारमा प्रधानमन्त्री महेन्द्र नारायण निधि , मन्त्रीहरुमा सरोज प्रसाद कोइराला , बोध प्रसाद उपाध्याय , दिगम्बर झा, इन्द्र बहादुर मल्ल र जन सरकार सचीवमा युगेश्वर प्रसाद बर्मा, सुरक्षा (प्रहरी) प्रमुखमा निर्गुन यादव , गुप्तचर बिभाग प्रमुखमा सरयुग चौधरी लगायतका ब्यक्तिहरुले विभिन्न जिम्मेवारी निर्वाह गरेक थिए।

बि.स. २००८ र २००११ मा दुई पटक सल्लाहकार सभामा निधिजि सदस्य भए। २००८ सालमै महोत्तरी जिल्लाका सभापतिमा निर्वाचित भएका यिनी बि.स.२०१० साल सम्म जिल्ला सभापति रहे । बि.स. २००९ साल जेठ १०,११ र १२ गते नेपाली काँग्रेसले जनकपुरधाममा नेपाली कांग्रेसको पाचौं महाधिवेशन गर्ने निर्णय गर्यो। निधिजिको अध्यक्षतामा ५१ सदस्यीय सरोजप्रसाद कोइराला सेक्रेटरी रहेका पाँचौ महाधिवेशन तयारी समिति गठन भयो। उक्त महाधिवेशनका उनी स्वागातध्यक्ष रहेका थिए। बि.स. २००९ असार ६ गते बिपि कोइरालाले केन्द्रिय कार्यसमिति र संसदीय समितिको गठन गरे। उक्त संसदीय समितिमा सेक्रेटरीमा महेन्द्र नारायण निधि र सदस्यहरुमा मातृकाप्रसाद कोइराला , सुवर्ण शमसेर , सुर्य प्रसाद उपाध्याय र राममेश्वर प्रसाद सिंह रहेका थिए।

बि.स. २०१४ सालमा नेपाली काँग्रेसको भद्र अवज्ञा आन्दोलन पश्चात् ०१५ सालमा भएको पहिलो प्रजातान्त्रिक आम निर्वाचनमा क्षेत्र न.४३ बाट १० हजार १ सय २० मत प्राप्त गरेर आफ्ना प्रतिद्वन्दी रहेका तराई काँग्रेसका उम्मेदवारलाई पराजित गरेर प्रतिनिधि सभाका सदस्यमा निर्वाचित भएका थिए। बि.स. २०१६ असार २१ गते प्रतिनिधि सभाले उनलाई निरबिरोध उप सभामुखमा निर्वाचित गर्यो।

बि.स.२०१७ साल पुष १ गतेका दिन राजा महेन्द्रले बिपि कोइराला लगायत अनेकौं नेतालाई गिरफ्तार गरेर बहुदलीय ब्यबस्थाको समाप्त भएको घोषणा गर्दै शासन सत्ता आफ्नो हातमा लिए। राजनीतिक दलहरूलाई प्रतिबन्धित गरियो । जताततै धरपकड शुरु भयो । नेता, कार्यकर्ताहरुको भागाभाग भयो। समातिएकाहरु कारावासमा परे। कतिपय नेता ,कार्यकर्ताहरु भारत प्रवेश गरे । त्यस त्रासपुर्ण अवस्थामा जल्दाबल्दा मै हु भन्ने कतिपय नेता एंव कार्यकर्ताहरूले राजाका कदमलाई समर्थन जनाउँदै आत्मसमर्पण गरेर सुख सयलको जिवनयापन गर्ने मार्ग अपनाए । तर निधि लगायतका नेताहरू पूनः प्रजातन्त्र प्राप्तिको संघर्षमा जुटे।

सौभाग्यवस त्यसबेला नेपाली काँग्रेसका नेता तत्कालीन सरकारका उप प्रधानमन्त्री सुवर्ण शमशेर भारतमा थिए। उप सभामुख महेन्द्र नारायण निधि पनि भारत पुगिसकेका थिए।भारतको पटनामा नेपाली काँग्रेसको एतिहासिक सम्मेलन भयो। यस सम्मेलनले सुवर्ण शमशेरलाई कार्यकारी अध्यक्ष बनायो र नेपालमा हिंसात्मक माध्यम बाट प्रजातन्त्र प्राप्तिकालागी संघर्ष गर्ने प्रस्ताव ल्यायो । महेन्द्र नारायण निधिले उक्त प्रस्ताबको बिरोध जनाउँदै अहिसांत्मक आन्दोलनबाट जानुपर्ने बिचार व्यक्त गरे । तर सम्मेलनले हिंसात्मक माध्यमबाट प्रजातन्त्र पूनः स्थापना गर्ने निर्णय गर्यो। तत्कालीन उप सभामुख महेन्द्र नारायण निधि , माथिल्लो सभाका सदस्य बोध प्रसाद उपाध्याय लगायतका अन्य सहयोगीहरूले सम्मेलनको उक्त निर्णयमा असहमति जनाए।

भारतमा निर्वासित जीवन बिताउनु भन्दा मुलुक भित्रै बसेर जन चेतना जगाएर अहिंसात्मक आन्दोलनको माध्यमबाट प्रजातन्त्र प्राप्तिका संघर्षलाई अगाडि बढाउने मार्गमा उनी दृढ़ थिए। यहि उद्देश्यका साथ उमगाउँ क्याम्पका साथिहरु माझ क्रान्ति दिवसका दिन सत्याग्रह गर्ने प्रस्ताव गरेका थिए ।

उमगाँउबाट लुकेर पालकिबाट जनकपुर पुगेका निधिले क्रान्ति दिवसका दिन २०१८ साल कात्तिक २६ गते नेपाली काँग्रेस महोत्तरी जिल्लाका सचिब लगायतका साथीहरुका साथ चार तारे झण्डा फर फराउदै नारा लगाएर जानकी मन्दिर पुग्दा गिरफ्तारीमा परेका थिए।

कठोर यातना भोगेका यिनलाइ २०२० साल मार्गमा कारावासबाट मुक्त गरियो। यसपछि निरन्तर रुपमा पक्राउ पर्ने छुटने क्रम यिनको जारी नै रह्यो । प्रजातन्त्र दिबशको अवसरमा पटनाबाट प्रकाशित हुने साप्ताहिक पत्रीका हिमालेशियामा " प्रजातन्त्र र देशहित" भन्ने शिर्षकमा २०२६ साल फागुन ७ गते यिनको लेख प्रकाशित भयो। यसै लेखले गर्दा यिनलाई फागुन २० गते राजकाज मुद्दा लगाएर थुनियो। कारावासमा बारम्बार यिनलाई थुनिन्थ्यो। कहिले राजाकाज मुद्दामा कहिले सुरक्षा एन अन्तरगत मुद्दाहरु चलाइन्थे। यसरि २०२९ , ०३१ , ०३६ , ०४२ सालको सत्याग्रह, ०४६ सालको जन आन्दोलनमा समेत पटक पटक पक्राउ परेर नेपाल भित्रका विभिन्न कारावासमा लगभग १० वर्ष तथा ३ वर्ष निर्वासित जीवन ब्यतित गरेका थिए।

०४६ साल चैत २६ गते राति प्रजातन्त्रको पुनः स्थापनाको राजा बिरेन्द्रद्वारा घोषणा भयो। यसको पश्चात् ०४७ बैशाख ६ गते नेपाली काँग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित अन्तरिम मण्डलमा स्थानीय जलस्रोत तथा स्थानीय बिकास मन्त्री बन्न पुगे । स्थानीय बिकास मन्त्रालयले मुलुक भरि कायम रहेको पञ्चायतहरु विघटन गर्ने निर्णय गर्यो। र गाउ बिकास समिति , नगर बिकास समिति र जिल्ला बिकास समिति भनेर नामांकान गर्यो। यस सन्दर्भमा तत्कालीन राजा बिरेन्द्र सहमत थिएनन् । तर निधिले लागू गराएरै छाडे ।

०४८ सालमा भएको प्रतिनिधि सभाको निर्वाचनमा धनुषा क्षेत्र न.४ का जनताहरुले अत्यधिक मत दिएर उनलाई प्रतिनिधि सभामा पठाए। पार्टी सभापति कृष्णप्रसाद भट्टराई पराजित हुन पुगे । चुनाव न लडेका गणेशमान सिंहजिले निधिजिलाई प्रधानमन्त्री बनाउन चाहन्थे । तर उनको यो इच्छा पुरा हुन सकेन। गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री बन्न पुगे । गणेशमान सिंह र गिरिजा प्रसाद कोइरालाको बीच फाटो बढ्दै गयो। यी फाटो पार्टीभित्र पनि झागिंदै गए । भट्टराई र निधिजिले सामञ्जस गर्न कयौं प्रयास गरे । तर सफल हुन सकेनन। आन्तरिक मत मतान्तरले सिमा नै नाघ्न पुग्यो । र पार्टीलाई बिग्रहको अवस्थामा पुर्यायो । गणेशमान सिंहले पार्टी छाडने अवस्थाको सृजना गरियो । उनले पार्टी छाडे । मध्यावधि चुनावको घोषणा भयो। तर सभापति कृष्ण प्रसाद भट्टराईको केन्द्रिय समितिमा २०५१ सालमा महामन्त्री बनेका महेन्द्र नारायण निधिले मध्यावदी चुनावमा नेताहरुले चुनाव नलडने सहमति भए अनुसार उनले आफ्नो उम्मेदवारी दिन तयार भएनन् । तर गिरिजा प्रसाद कोइराला चुनावमा सहभागी भए। यसपछि निधि बिस्तारै बिस्तारै राजनीतिबाट टाढा हुन थाले।

बि.स.२०५३ सालमा तत्कालीन सरकारद्वारा यिनलाई जनकपुर बृहत्तर क्षेत्र बिकास परिषदको अध्यक्ष बनाइयो । यस अवस्था सम्म आइपुग्दा राजनीतिबाट पुर्ण रुपमा सन्यास लिइसकेका थिए। ०५३ देखी मृत्युपर्यन्त सम्म निधि जनकपुर बृहत्तर बिकास परिषदका अध्यक्ष पदमा आसिन रहे।

मुल्य मान्यताका राजनीतिमा बिश्वास राखेका निधि जीवनको उतरार्द्धमा गैस्टिक, रक्तचाप,तथा हृदय सम्बन्धि रोगवाट ग्रसित भएर बि.स.२०५६ साल बैशाख २० गते मंगलबारका दिन राती लगभग डेढ बजे हृदय गति बन्द भएर यस संसारलाई सदाकालागी छाडेर गए।

तर उनले यस संसारलाई छाडेर गएता पनि उनका बिचार , चिन्तनहरु जिवित छन। उनका बिचारहरुलाई अब पनि मनन गर्ने हो भने हाम्रो समाज र मुलुकलाई अग्र दिशाको मार्गमा अगाडि बढाउन प्रेरणाका ठुलो स्रोत बन्न सक्छ होला । अन्त्यमा निधिजिका भौतिक शरीर हाम्रो बीच अहिले नभए पनि उनिवाट प्रतिपादित चिन्तन र उनको आदर्श जीवनले हामीलाई सदैव प्रेरणा दिराख्ने छ।

अतः लोकतान्त्रिक आन्दोलनका अहिंसाबादी तपस्वी राजनेता युग पुरुष जसले सादा जीवन उच्च बिचारका मुल मन्त्रलाई कार्यबयन गर्दै तराई मधेसलाई प्रजातान्त्रिक आन्दोलनसंग जोडे जसले साम्प्रदायिकता, क्षेत्रीयता भन्दा माथी उठेर राष्ट्रिय एकताको पक्षमा आफ्नो बिचार प्रस्तुत गरे यस्ता महान युग पुरुष महेन्द्र नारायण निधिको १०३ औं जन्मोत्सवको अवसरमा सत सत नमन छ। भावपुर्ण हार्दिक श्रद्धासुमन !

# इतिहासलाई नबङ्ग्याऔं

अमृता लम्साल

कुरा आफैंले लेखेको पुस्तक 'मिडिया, महिला र म' बाटै सुरु गरौं। गत असोज २७ गते २०८० को दिन उक्त किताबको विमोचन भएको थियो। विमोचन भएको भोलिपल्ट बिहानै लेखक प्रभा कैनीको इमेल पाएँ।

उहाँले, मेरो पुस्तकमा भएका त्रुटिबारे यस्तो लेख्नुभएको थियो- 'अर्को कुरा, २० पेजमा नै २०११ सालमा राजा त्रिभुवनबाट गठित सल्लाहकार सभामा मंगलादेवी, मायादेवी शाह, विद्यादेवी देवकोटा, पुण्यप्रभा ढुङ्गाना र प्रतिभा झा मनोनित भए लेख्नुभएको रहेछ। विद्या देवकोटा मेरी आमा हुनुहुन्छ। आमाले भनेको मलाई थाहा भएन। आमाको किताब छ एउटा त्यसमा पनि उल्लेख भए झैं लागेन। साँच्चै यो हो भने आमाको ऐतिहासिक घटनामा थप्नुपर्ने हुन्छ। आमाको किताब म फेरि दोहोर्‍याउँछु, कतै यसको प्रसङ्ग छ कि ! तपाईं पनि यसको स्रोत मलाई उपलब्ध गराउनुहोस् न है!'

इमेल पढेपछि मेरो नाक-मुख सुक्यो। कति मिहिनेत गरेर लेखेको किताबमा 'पहिलो गाँसमै ढुङ्गा !' भने जस्तै लाग्यो। कुरा जे लेखेको भए पनि मैले कतै नपढी त यस्तो पक्कै लेखिनँ। तर, केमा पढें होला ? भनेर खोज्न थालें। किताब लेखनको क्रममा थुप्रै किताब तथा लेखहरू पढेकी थिएँ। अब कुनबाट यस्तो तथ्य निकालें होला भनेर सबै डकुमेन्ट थुपारें।

एउटा गल्ती के गरेछु भने, सकेसम्म हरेक स्रोतलाई पाद टिप्पणीमा उल्लेख गर्ने गरेकोमा त्यसमा स्रोत उल्लेख गर्न छुटाएछु। मैले मात्र होइन, किताब सम्पादन गर्ने पत्रकार/सम्पादक विमल आचार्य र किताब पर्फेक्ट होस् भनेर पानापिच्छे राम्रो बनाउन खटाइलाई कडाइकासाथ पालन गर्ने जोड दिने अक्षर क्रिएसनकी अध्यक्ष डाक्टर अर्चना थापाको नजरबाट पनि त्यसमा स्रोत नखुलाएको कुरा चिप्लिएछ। किताब निस्कनु अगाडि प्रभा कैनी विद्यादेवी देवकोटाको छोरी भन्ने थाहा पाएको भए, त्यतिबेलाको अरू कुराहरू पनि सोध्न पुगिन्थ्यो होला।

धन्न एक घन्टाजति रुमल्लिएपछि स्रोत फेला पर्‍यो। त्यो कुरा महिला सुरक्षा दबाब समूहले २०७७ साल असोजमा प्रकाशन गरेको पुस्तक, 'नेपाली महिलाको ऐतिहासिक आन्दोलन एक शताब्दी'मा प्रकाशित राजनैतिक व्यक्तित्व शशि श्रेष्ठको लेख 'नेपालमा महिला आन्दोलन'बाट साभार गरेकी रहिछु; उक्त पुस्तकको पेज ३५ मा ती कुराहरू छापिएको रहेछ। किताबको अर्को संस्करणमा उपरोक्त कुरा पक्कै सच्याइनेछ।

आज यस्ता सन्दर्भहरूको बारेमा लेख्न लागेकोले आफ्नै किताबमा भएको गलत तथ्यबाट नै सुरु गरेकी हुँ।

अर्को सन्दर्भ- मंगलादेवी सिंहको, २०५१ मा प्रकाशित किताब, 'नारी संघर्षका पाइलाहरू'मा नेपाली महिलाले २०१५ सालमा मात्रै पहिलो पटक भोट हालेको उल्लेख रहेछ, जबकि २०१० साल भदौ १७ गते भएको काठमाडौं नगरपालिकाको चुनावमा साधना प्रधान निर्वाचित भएकी थिइन्। यस्ता कुराहरू सच्याउँदै नजाने हो भने इतिहास नै यताउति पर्ने सम्भावना हुनसक्छ।

यो कुरा लेख्ने वा लेखाउनेले पनि भनिदिनुपर्छ। मंगलादेवी त अहिले हुनुहुन्न तर, उहाँका परिवार, हितैषी र नेपाली कांग्रेसको भ्रातृ संगठन महिला संघ त सक्रिय नै छ। त्यो सच्याउने काम उहाँहरूबाट भए पनि राम्रै हुन्थ्यो।

२०११ सालसम्म पशुपतिनाथको मन्दिरमा 'कुकुर र अछूतलाई प्रवेश निषेध' भनिएको रहेछ। त्यही वर्ष 'जाततोड मण्डल'ले सिद्धिबहादुर खड्कीको संयोजकत्वमा पशुपतिनाथ मन्दिरमा प्रवेश गर्ने आन्दोलन गरिएको रहेछ। यसको जानकारी मैले, मिठाइदेवी विश्वकर्माबाट पाएकी हुँ।

उहाँसँग मैले 'हजुरआमाका कथा' लेख्ने बेलामा कुराकानी गरेकी थिएँ। मसँग अझै पनि उहाँसँग कुराकानी गरेको रेकर्ड सञ्चित छ। साथै, उहाँको कथा 'सेतोपाटी' अनलाइनमा २०७६ साल भदौ ९ गते प्रकाशित भएको थियो।

उहाँका अनुसार, उहाँ त्यो आन्दोलनको समयमा भारतमा सुँडेनी तालिम लिन जानुभएको कारणले, उहाँकी बहिनी लगायत परिवारका सदस्यहरू हुनुहुन्थ्यो, तर उहाँको उपस्थिति थिएन। त्यो दिन आन्दोलन चर्कियो; लाठीचार्ज समेत भयो र ७५० जना पक्राउ परे। उहाँकै मुखबाट 'म त्यहाँ थिइनँ' भने पनि बारम्बार उहाँ त्यहाँ हुनुहुन्थ्यो भनेर लेखिन्छ। तथ्य थाहा भइसकेपछि ऐतिहासिक कुराहरू त तोडमरोड नगरे हुन्थ्यो जस्तो लाग्छ; तर सच्याउन किन गाह्रो हुन्छ होला ?

त्यसैगरी बारम्बार नभएको कुरालाई फलानाले नै गरेकै हो भन्ने अर्को प्रसंग, योगमायाले सती प्रथा अन्त्य गर्न माग गरेको भन्नेबारे पनि हो। यसबारेमा मानिसहरूलाई अझै पनि भ्रम छ।

योगमायाले, राणा शासकहरूसँग मागेको 'सत्य-धर्म-भिक्षा' थियो; 'सती प्रथा' होइन। अर्थात्, स्थानीय स्तरमा भएको सामाजिक असमानता, अन्याय, शोषणको विरुद्धमा उनले आवाज उठाएकी थिइन्। यसबारेमा, 'योगमाया' उपन्यासकी लेखक नीलम कार्की 'निहारिका'ले पनि योगमायाको माग सती प्रथा अन्त्य गर्ने नभएको भनेर पटक-पटक भन्नुभएको छ। तर, मानिसहरू यस कुरालाई ध्यान नै दिंदैनन् वा सच्याउन चाहँदैनन्।

योगमायाकै बारेमा, त्रिविका सह-प्राध्यापक राम लोहनी भन्नुहुन्छ, '१९२० मा सती प्रथाको अन्त्यको घोषणा भएको हो। त्यो घोषणामा योगमायाको मागको पनि असर परेको ठान्नु अस्वाभाविक त होइन। किनभने योगमायाको माग सती प्रथाको अन्त्यको पनि थियो। तर योगमायाले जलसमाधि लिएको कारण चाहिं सती प्रथाको अन्त्यको माग राखेर होइन। किनभने त्यो बेला सती प्रथा कानुनतः अन्त्य भइसकेको थियो। योगमायाले विसं १९९८ मा जलसमाधि लिएकी थिइन्। योगमायाको पछिल्लो माग 'धर्मराज्य' को थियो।' जोसुकैले जेसुकै भने पनि, मानिसहरू त्यही कुरालाई बारम्बार दोहोर्‍याइरहन्छन्।

कतिसम्म भएको छ भने, कसैले त्यो कुरा बोलिरहँदा, उनीहरूकै अगाडि, 'त्यो त होइन है!' भन्यो; लेखेर आउँदा त्यही नै प्रकाशित भइरहेको हुन्छ।त्यसैगरी इतिहासले बिर्सिसक्न लागेको तथ्यमध्ये एक तथ्य, छोरीलाई पैत्रिक सम्पत्तिमा हक दिलाउन डाक्टर शान्ता थपलियाले खेल्नुभएको भूमिका पनि कतिपय ठाउँमा मेटिइसक्यो। अनुसन्धानमूलक लेखहरूमा पनि उहाँलाई विरलैले स्थान वा क्रेडिट दिन छाडिसके।

त्यो बेला, उहाँको नेतृत्वमा पछिलागेर हिंड्ने हामी जिउँदैछौं; तर मानिसहरू लाजै नमानी उहाँको देनलाई नदेखेको जसरी गायब पारिदिन्छन्। यो त धेरै अगाडिको कुरा पनि होइन; उहाँ जिउँदै हुनुभएको भए, उहाँलाई यसो गर्न गाह्रै हुन्थ्यो होला ! यसरी तथ्यलाई बङ्ग्याउँदै जाने हो भने फेरि पनि इतिहासमा केही नाम र केही कामहरू हराउँछन्/मेटिन्छन्।

धेरै अगाडिको कुरा छाडौं, इतिहास लेख्न चाहिने माध्यमहरू भनेको अन्तर्वार्ता, त्यतिबेलाको लेख, फोटो आदि हुन्। यदि कसैले ती व्यक्तिहरूलाई चिनेको, त्यो व्यक्ति वा उसले, उनले गरेको कामसँग वा घटनाहरूसँग जोडिएको थियो भने वा रेकर्ड गरेर राखेको छ भने, त्यसैमा आधारित रहेर त्यसबारेमा जान्ने अरू व्यक्तिहरूसँग सोधेर, खोजेर पनि लेख्न सकिन्छ।

तर, दोस्रो पक्षले नै पहिलो पक्षको कुरा लुकाएर आफूलाई मात्रै अगाडि ल्याउने काम गरिरहन्छ भने इतिहास कसरी तथ्यपूर्ण हुन्छ ? हाम्रो देशमा कतिपय विषयमा त्यही नै भइरहेछ भन्दा अत्युक्ति नहोला। यो त 'फेक न्युज' ले बजार हल्लाएको कुरा जस्तै हो।'फेक न्युज' वर्षौं वर्षसम्म इतिहासमा कसरी जरा गाडेर बस्छ भन्ने कुरामा पनि एउटा उदाहरण पेश गर्न चाहन्छु।

सन् १९६८ सेप्टेम्बर ७ मा अमेरिकाको न्युजर्सी राज्यको एटलान्टिक सिटी ब्रोडवाकमा 'मिस अमेरिका प्रोटेस्ट' भएको थियो। त्यो दिन देशका विभिन्न भागबाट करिब २०० महिलावादीहरू जम्मा भएका थिए। उनीहरूको उद्देश्य, 'मिस अमेरिका'को विरोध थियो। त्यसको संयोजक अमेरिकी नारीवादी महिला रबिन मोर्ग्यान थिइन्। उनी, उही रबिन थिइन्, जो सन् १९९४ मा नेपाल समेत आएकी थिइन्। उनले आफ्नो बसाइको क्रममा यहाँका केही महिलाहरूलाई तालिम दिएकी थिइन्।

रबिन र उनको समूहले गरेको त्यो दिनको धर्ना कार्यक्रममा उनीहरूले एउटा फोहोर फाल्ने भाँडो, जसलाई 'फ्रिडम ट्र्याश क्यान' भनेर उल्लेख गरिएको छ। त्यसमा आफूहरूलाई मन लागेको महिलासँग सम्बन्धित वस्तुहरू जस्तै, मेकअपका सामानहरू, भुईं पुछ्ने मपहरू, नक्कली परेलाहरू, हेयर स्प्रे, ब्राहरू फालेका रहेछन्। उनीहरूले 'विमेन्स लिबरेसन' लेखेको ब्यानर देखाएका रहेछन्। त्यति गर्दा पनि ब्रा जलाएका थिएनन् भनेर रबिनले धेरै पटक धेरै ठाउँमा भनिसकेकी छन्।

# नागरिकको जीवनस्तर उकास्ने गरी आगामी आवको बजेट तर्जुमा हुन्छः अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले नागरिकको जीवनस्तरमा सुधारमा केन्द्रित भइ आगामी आर्थिक वर्षको बजेट निर्माण गरिने बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा आव २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)माथि छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दै अर्थमन्त्री डा महतले मुलुकको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रको गतिसँगै अघि बढाउने र आधारभूत आवश्यकता पूरा गर्न कठिन अवस्थामा रहेका नागरिकको जीवनस्तर उकास्ने गरी बजेट तर्जुमा गरिने उल्लेख गर्नुभयो ।

उहाँले विद्यमान कानुनमा संशोधन गरी आर्थिक वर्ष २०८१/८२ को बजेट पेश गर्न तीन महिना पूर्व नै नेपाल सरकारको अर्थमन्त्रीको हैसियतले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै लगानीको अनुकूल वातावरण सिर्जना गर्न गरिएको प्रक्रियागत सरलीकरण, निजी क्षेत्रसँगको निरन्तर संवाद गरिरहेको सदनलाई जानकारी गराउनुभयो ।"पुँजीगत खर्चको प्रभावकारिता वृद्धि गर्न गरिएको निरन्तर पहल, मौद्रिक नीतिमा पछिल्लो समय अपनाइएको केही लचकता एवम् वित्त नीति र मौद्रिक नीति बीचमा तालमेल गर्न गरिएको प्रयासबाट अर्थतन्त्र क्रमशः सकारात्मक दिशातर्फ अघि बढेको छ", अर्थमन्त्री डा महतले भन्नुभयो । उहाँले विद्युत् उत्पादन र विदेशी पर्यटक आगमन वृद्धि हुनुका साथै विदेशी लगानी बढ्नुले अर्थतन्त्रमा सकारात्मक योगदान पुगेको बताउनुभएको छ। बैंकिङ्ग क्षेत्रतर्फ पर्याप्त तरलताको अवस्था, कर्जाको ब्याजदर एकल अङ्क नजिक रहेको तथ निक्षेप र कर्जा प्रवाहमा क्रमशः वृद्धि हुनुले अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो ।

पछिल्लो समय घरजग्गा कारोबार र पुँजी बजार सुधारोन्मुख रहेको उहाँको भनाइ थियो । साथै बाह्य क्षेत्रतर्फ चालु खाता र शोधनान्तर बचतको अवस्था र विदेशी विनिमयको पर्याप्त सञ्चितिले आर्थिक क्रियाकलापका लागि अनुकूल वातावरण सिर्जना गरेको उहाँले उल्लेख गर्नुभयो।

"राजस्व सङ्कलन लक्ष्यअनुरुप नभएपनि वृद्धिदर करिब १० प्रतिशत रहेको र आउने दिनमा थप वृद्धि हुने अनुमान छ", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको प्रथम त्रैमासमा गत आर्थिक वर्षको तुलनामा आर्थिक वृद्धिदर बढ्ने अनुमान गरिएको छ ।" अर्थतन्त्र लयमा फर्किन थाले पनि बाह्य र आन्तरिक समस्याका कारण चुनौतीमुक्त हुन नसकेको औद्योगिक उत्पादन र वित्तीय क्षेत्र अन्तर्गत सहकारी तथा लघु वित्तीय संस्थामा समस्या देखिएका बताउनुभयो।

आर्थिक क्रियाकलापको संरचना र प्रविधिमा आएको परिवर्तनका कारण राजस्व सङ्कलनमा चुनौति थपिएको छ भने सार्वजनिक खर्चलाई विवेकशील र मितव्ययी ढङ्गले राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न थप सुधारको आवश्यकता भएको उहाँले बताउनुभयो । "विगतमा लिइएको सार्वजनिक ऋणको दायित्व भुक्तानी गर्न वर्षेनी ठूलो रकम छुट्याउनुपर्ने भएको छ", अर्थमन्त्री महतले भन्नुभयो, "आगामी आर्थिक वर्ष थप रु एक खर्बभन्दा बढी सार्वजनिक ऋणको भुक्तानीमा विनियोजन गर्नुपर्ने अवस्था छ, यस्तै सामाजिक सुरक्षालगायतका क्षेत्रमा दायित्व क्रमशः बढ्दै गएको छ।"

रुकुम र जाजरकोटमा आएको भूकम्प पश्चात खास गरेर अस्थायी आवास तथा पुनःनिर्माणमा ठूलो स्रोतको आवश्यकता रहेको र स्रोतको सहमति दिइएको आयोजना तथा कार्यक्रममा देखिएको न्यून विनियोजनका कारण गत वर्षहरूमा ठेक्काबाट सिर्जित दायित्व भुक्तानी गर्नु चूनौतीपूर्ण बनेको अर्थमन्त्री डा महतले उल्लेख गर्नुभयो । अर्थमन्त्री डा महतले सरकारको खर्चतर्फ सिर्जित दायित्व भुक्तानी तथा स्रोत सुनिश्चित भएका आयोजनामा आवश्यक बजेट प्रस्ताव नगर्ने प्रवृत्ति, आयोजना तथा कार्यक्रममा देखिएको दोहोरोपना, निर्धारित समयमा आयोजना सम्पन्न नहुने अवस्था रहेको बताउनुभयो।

उहाँले आयोजना कार्यान्वयनमा देखिएका व्यवस्थापकीय कमजोरी र वैदेशिक सहायताका आयोजना व्यवस्थापनमा अपनत्वको कमी हुँदा कार्यान्वयन पक्ष अझै कमजोर देखिएको बताउनुभयो । सङ्कलित राजस्वले अनिवार्य दायित्व धान्न कठिन भइरहेको अवस्थामा थप आयोजना तथा कार्यक्रम, संरचना एवम् दरबन्दीका लागि बजेट मागले गर्दा खर्च व्यवस्थापन अझै चूनौतीपूर्ण रहेको छ।

"मुलुकले भोग्दै आएको न्यून उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा, कमजोर निर्यात, आर्थिक दृष्टिले सक्रिय उमेर समूहको जनशक्ति पलायन जस्ता समस्या समाधान गर्नु प्राथमिकताको विषय भएको छ", उहाँले भन्नुभयो, "उच्च र दिगो आर्थिक वृद्धि हासिल गरी उत्पादन वृद्धिसँगै रोजगारीका अवसर सिर्जनामार्फत गरिबी न्यूनीकरण गर्ने, आर्थिक असमानता कम गर्दै वित्तीय स्थायित्व कायम गर्न अर्थतन्त्रलाई दिशा निर्देश गर्नु अपरिहार्य ठानेको छु।"

अर्थमन्त्री डा महतले प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८१ का सिद्धान्त प्रस्तुत पूर्ण विवरण यसप्रकार छ :

आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता तय : गर्दा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई प्रमुख मार्गदर्शनको रूपमा लिएको छु । साथै, सोह्रौं योजनामा प्रस्ताव गरिएका नीति, २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि लिनुपर्ने रणनीति, सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य तथा दिगोर फराकिलो आर्थिक वृद्धिका आधार तयार गर्नुपर्ने विषयलाई महत्त्वपूर्ण सन्दर्भको रुपमा लिएको छु ।दिगो एवम् समावेशी आर्थिक वृद्धिः दिगो एवम् समावेशी आर्थिक वृद्धिका लागि ऊर्जा, कृषि, पर्यटनतथा सूचनाप्रविधिलगायतका आर्थिक वृद्धिमा उच्च योगदान दिनसक्ने क्षेत्रका लागि आवश्यक सार्वजनिक पूर्वाधार निर्माण गर्ने गरी सरकारी स्रोतको परिचालन गरिनेछ । देशभित्रै उत्पादन र रोजगारीका अवसर बढाउन निजी क्षेत्रको लगानीलाई सहज वातावरण बनाउने तथा सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्ने तर्फ बजेट उन्मुख हुनेछ । आन्तरिक मागमा वृद्धि गर्ने गरी सार्वजनिक खर्च परिचालन गरिनेछ । सीमान्तकृत वर्ग र पछाडि परेको क्षेत्रका लागि लक्षित कार्यक्रम सञ्चालन गरी उत्पादन र रोजगारीमा पहुँच पुऱ्याइनेछ । अर्थतन्त्रका बाह्य र आन्तरिक सूचकाङ्कहरूलाई प्रभावित पार्ने वित्त र मौद्रिक नीतिहरूलाई एकैलयमा सबल र सुदृढ बनाई समष्टिगत आर्थिक स्थायित्व कायम गरिनेछ। सरकारको आम्दानी र खर्चबीच सन्तुलन कायम गरी सार्वजनिक वित्तलाई सुदृढ र दबाबमुक्त बनाउनेतर्फ बजेट उन्मुख हुनेछ। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी व्यापार घाटा क्रमशः घटाउँदै लगिनेछ।

सार्वजनिक वित्त सन्तुलन र विनियोजन कुशलता अभिवृद्धिः सार्वजनिक खर्चको विनियोजनमा कुशलता वृद्धि गरिनेछ। सार्वजनिक खर्चलाई औचित्यपूर्ण बनाउने गरी थप प्राथमिकीकरण गर्ने, पूर्व तयारी भएका आयोजनाको मात्र निर्माण कार्य अघि बढाउने र प्राथमिकता प्राप्त आयोजनामा स्रोतको अभाव हुन नदिने व्यवस्था गरिनेछ । सार्वजनिक खर्चलाई गुणात्मक रुपमा बढाउँदै निजी लगानी उत्प्रेरित हुने गरी परिचालन गरिनेछ। सार्वजनिक स्रोतलाई सेवा प्रवाह, आर्थिक सामाजिक पूर्वाधार विकास र मानव पुँजी निर्माणमा लगानी गरिनेछ। वैदेशिक अनुदान तथा सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकता र प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गरिनेछ । निजी लगानी संकुचित नहुने गरी सार्वजनिक ऋण परिचालन गरिनेछ । जलवायुसँग सम्बन्धित कोषहरूको परिचालन गर्न सम्बन्धित पक्षसँग वार्ता र सम्वादलाई घनीभूत बनाइनेछ। वित्तीय अनुशासन सुदृढ गर्ने नीतिगत व्यवस्था गरी संचित कोषलाई सहज अवस्थामा कायम राखिनेछ।

सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायः संविधानको मर्मअनुरूप समतामूलक समाज निर्माणका लागि स्रोत साधन र अवसरको न्यायोचित वितरण गरिनेछ । सामाजिक क्षेत्रमा लगानी र साधनको पुनःवितरणका कार्यक्रममा स्रोतको उपलब्धताका आधारमा आवश्यक रकम विनियोजन गरिनेछ । शिक्षा र स्वास्थ्य क्षेत्रमा सबैको पहुँच र गुणस्तर सुधार गर्न रकम विनियोजन गरिनेछ । लगानीको प्रतिफलबाट सबै वर्ग, समुदाय लाभान्वित हुने गरी अवसरको सिर्जना र समन्यायिक वितरण प्रणाली विकास गरिनेछ। राज्यबाट प्रदान गरिने सबै प्रकारका अनुदान र सुविधाहरूमा दोहोरोपना हटाई क्रमशः लक्षित वर्ग केन्द्रित हुने व्यवस्था मिलाइनेछ।

निजी क्षेत्रर लगानी प्रवर्द्धनः उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गरिनेछ। सम्वत् २०८१ वैशाखमा हुने लगानी सम्मेलनमार्फत स्वदेशी तथा विदेशी लगानीकर्तालाई लगानी बढाउन अनुकूल वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिनेछ।

सङ्घीयता र सुशासन प्रवर्द्धनः संविधान बमोजिम प्रदेश तथा स्थानीय तहमा जिम्मेवारीहरू हस्तान्तरण गर्न आवश्यक कानुन तर्जुमाका साथै संस्थागत व्यवस्था गरिनेछ । दक्ष, पारदर्शी एवम् उत्तरदायी वित्तीय प्रणाली सम्वर्द्धन गर्दै वित्तीय सङ्घीयतालाई थप प्रभावकारी बनाइनेछ । समावेशी र सन्तुलित आर्थिक विकासका लागि आवश्यक नीतिहरू निर्माण गर्न प्रदेश र स्थानीय तहसँग थप समन्वय र सहकार्य गरिनेछ । संघ, प्रदेश र स्थानीय तहको खर्च संरचनामा मितव्ययिता, सुशासन र पारदर्शिताको माध्यमबाट खर्चको प्रभावकारिता सुनिश्चित गरिनेछ। सरकारले प्रदान गर्ने सबै प्रकारका अनुदान, आयोजना तथा कार्यक्रममा हुने दोहोरोपना हटाउन प्रदेश र स्थानीयतहसँग आवश्यक समन्वय गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई संघीय शासन प्रणालीका मूल्य र मान्यता अनुरूप थप नागरिकमैत्री र सरल बनाइनेछ। सार्वजनिक सेवामा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

दिगो विकास र जलवायु परिवर्तनः जलवायु परिवर्तनका सवालहरूलाई क्षेत्रगत नीति र कार्यक्रममा आन्तरिकीकरण गरिनेछ। दिगो विकास लक्ष्य हासिल गर्न बजेट केन्द्रित गरिनेछ। आर्थिक सामाजिक विकासलाई दिगो बनाउन विकास प्रक्रियाका हरेक चरणमा दिगो विकासको अवधारणालाई आन्तरिकीकरण गर्दै लगिनेछ। हरित अर्थतन्त्रको विकास र प्रवद्धधनका लागि नीतिगत, कानुनी र संस्थागत प्रबन्ध गरिनेछ। जलवायु परिवर्तनबाट नेपालमाथि परेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न क्षतिपूर्ति दिने बिषयलाई अधिकारका रूपमा स्थापित गर्न अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी ढङ्गले प्रस्तुत गरिनेछ । जलवायु परिवर्तनबाट नेपाललाई परेको प्रभावलाई मध्यनजर राखी अनुकूलन र न्यूनीकरणका कार्यक्रममा अन्तर र्राष्ट्रिय विकास सहायता परिचालन गर्न पहल गरिनेछ।

जलविद्युत् विकासः जलविद्युत्मा आन्तरिक र वाह्य लगानी प्रवर्द्धन गरी उत्पादन वृद्धि गरिनेछ । जलविद्युत्को आन्तरिक खपतमा वृद्धि गरी मुलुकमा हरित अर्थतन्त्रको विकास गर्न जोड दिइनेछ। जलविद्युत्लाई अर्थतन्त्रको महत्वपूर्ण मेरूदण्डका रुपमा विकास गरी आन्तरिक आवश्यकता पूर्तिका साथै निर्यातमा जोड दिइनेछ।

निर्माणाधीन विद्युत् आयोजनाहरू र प्रशारण लाइनको लागत मूल्य बढ्न नदिन निर्धारित समयमा नै सम्पन्न गर्न जोड दिइनेछ । हिउँद याममा हुने ऊर्जा आपूर्तिको कमी पूरा गर्न ठूला तथा जलाशययुक्त आयोजनाको निर्माण प्रारम्भ गरिने छ । विद्युत् सेवाको पहुँच नपुगेको क्षेत्रमा विद्युत् सेवा उपलब्ध गराउन सौर्य ऊर्जा र अन्य नवीकरणीय ऊर्जाको विकासमा जोड दिइनेछ । अन्तरदेशीय विद्युत् प्रशारणलाइन निर्माण गरी विद्युत् निर्यातका लागि आवश्यक पूर्वाधार तयार गरिने छ । ग्रीन हाइड्रोजनको विकास र लगानीको सम्भाव्यता अध्ययन अघि बढाइनेछ।

कृषिको आधुनिकीकरण तथा व्यावसायिकीरणः कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न अन्न, फलफूल, तरकारी, दुध, अण्डा र मासुको उत्पादन, भण्डारण, प्रशोधन एवम् वितरण प्रणालीमा सुधार गर्दै व्यवसायिकीकरणमा जोड दिइनेछ। कृषिमा रहेको उच्च उत्पादन लागत कम गर्न व्यवसायिकरण र आधुनिक प्रविधि प्रयोगमा जोड दिइनेछ । आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन संरक्षण र उत्पादन आधारित अनुदान दिने नीतिलाई कार्यान्वयन गरिनेछ । रासायनिक मलको दिगो आपूर्ति व्यवस्था मिलाइनेछ। मुलुकमा नै रासायनिक मल कारखाना खोल्ने प्रक्रियालाई अगाडि बढाइनेछ । प्राकृतिक र प्राङ्गारिक मलमा आधारित खेतीलाई प्रोत्साहन गरिनेछ । पहाडका टार र तराई मधेसका थप क्षेत्रमा सिँचाई सुविधा विस्तार गर्न जोड दिइनेछ। सहुलियतपूर्ण कर्जा, उन्नत प्रविधि तथा तालिम, सिँचाई सुविधा, मल बीउको उपलब्धता सुनिश्चित गरी कृषि उपजको उत्पादकत्व अभिवृद्धि गरिनेछ । सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा कृषि उत्पादन, बजारीकरण र वितरण व्यवस्था मिलाइनेछ । जमिनको चक्लाबन्दी तथा बाँझो जमिनको उपयोग गरी व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ । कृषि क्षेत्रमा सीपयुक्त जनशक्ति र कृषि उद्यमीलाई गुरु किसानका रुपमा विकास गरी उद्यमी बन्न चाहने युवालाई प्रोत्साहन गरिनेछ। कृषि बजार प्रवर्द्धनमा जोड दिइनेछ । उच्च मूल्ययुक्त गैरकाष्ठ जन्य उत्पादनमा लगानी अभिवृद्धि गरिने छ।

पर्यटन विकासः गुणस्तरीय पर्यटन पूर्वाधार विकास गरी नेपाललाई आकर्षक पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ । थप धार्मिक, साँस्कृतिक एवम् मनोरम प्राकृतिक तथा पर्यटकीय गन्तव्यको पहिचान गरी पूर्वाधार विकास गरिनेछ। प्रमुख पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास गर्नुको साथै पर्यटन पूर्वाधार निर्माणमा प्रोत्साहन गरिनेछ। पोखरा र भैरहवाका विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन देखिएका अड्चनहरूलाई हटाइनेछ। निजगढ विमानस्थलको लगानी ढाँचा टुङ्गो लगाई निर्माण प्रक्रिया अगाडि बढाइनेछ । निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन क्षेत्रका लागि आवश्यक जनशक्ति विकास तथा मौलिक कला, संस्कृति, सम्पदा र रैथाने उत्पादनलाई पर्यटनसँग आवद्ध गरिनेछ।

सूचना प्रविधिको विकासः प्रचुर सम्भावना बोकेको सूचना प्रविधि क्षेत्रमा पूर्वाधार विकास, सहुलियत र प्रोत्साहन दिने नीतिलाई निरन्तरता दिइनेछ। डिजिटल नेपाल फ्रेमवर्कलाई कार्यान्वयन गर्दै सूचना प्रविधि उद्योगलाई सफ्टवेयर र सेवा निर्यात तथा रोजगारीका आधारका रुपमा विकास गरिनेछ । सूचना प्रविधिको उपयोगको माध्यमबाट सेवा प्रवाहलाई सरलीकरण गरिनेछ । 'इनोभेसन सेन्टर र स्टार्ट अप'को प्रवर्द्धन र विकासमा जोड दिईनेछ । डिजिटल भुक्तानीलगायतका सेवा विस्तार गर्न सार्वजनिक डिजिटल पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ।

औद्योगिक विकास र निजी क्षेत्र प्रवर्द्धनः निजी क्षेत्रलाई आर्थिक विकासको इञ्जिनका रुपमा विकास गर्न आवश्यक नीतिगत प्रबन्ध गरी अनुकूल वातावरण बनाइनेछ । उद्योग स्थापना र सञ्चालनमा वित्तीय पहुँच सहज बनाइनेछ। औद्योगिक विकासमा वैदेशिक लगानी प्रवर्द्धन गरिनेछ। औद्योगिक क्षेत्रहरू पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ । उद्योग सञ्चालनका लागि आवश्यक जग्गा प्राप्ति प्रक्रियालाई सरलीकरण गरिनेछ। बन्द भएका सार्वजनिक संस्थानलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्न पहल गरिनेछ । निजी क्षेत्र प्रतिस्पर्धी भएका क्षेत्रमा रहेका सार्वजनिक संस्थानको शेयर बिक्री वा व्यवस्थापन करारको माध्यमबाट सार्वजनिक संस्थानको विनिवेश गरिनेछ । वैदशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै विप्रेषणको औपचारिक आप्रवाह बढाउन थप सरलीकृत गरिनेछ।

पूर्वाधार विकासः राष्ट्रिय गौरवका र रणनीतिक महत्वका आयोजनामा देखिएका समस्यालाई समाधान गरिनेछ । काठमाडौं तराई मधेस द्रुत मार्ग, पूर्वपश्चिम जोड्ने लोकमार्ग र उत्तर दक्षिण जोड्ने करिडोर समयमा नै निर्माण सम्पन्न गर्न जोड दिइनेछ। भौतिक पूर्वाधारका आयोजनालाई पर्यटन केन्द्रसँग जोड्ने, अधिक जनसङ्ख्यालाई लाभ पुग्ने, नयाँ सहर र उत्पादन केन्द्रलाई जोड्ने र टेवा पुग्ने गरी अघि बढाइनेछ । निर्माणाधीन अवस्थामा रहेका आयोजनाको सङ्ख्या अधिक रहेकाले यस्ता अधुरा आयोजनाको निर्माणमा स्रोत सुनिश्चित गरेर मात्र नयाँ आयोजना शुरू गरिनेछ । प्रमुख राजमार्गहरूको विस्तार, स्तरोन्नति तथा नियमित मर्मत सम्भारलाई गुणस्तरीय र समयबद्ध रूपमा सम्पन्न गरिनेछ । सडक यातायातलाई थप सुरक्षित र भरपर्दो बनाइनेछ । प्रमुख राजमार्गमा नयाँ सहर स्थापना गर्ने गरी सहरी पूर्वाधार विकास गरिनेछ । अव्यवस्थित सहरलाई व्यवस्थित गर्ने र नयाँ ठाउँमा सम्भाव्य बस्तीलाई व्यवस्थित सहरको रुपमा विकास गरिनेछ । रणनीतिक महत्वका पूर्वाधारहरू सार्वजनिक निजी साझेदारीमा निर्माण गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।

सामाजिक क्षेत्रको विकासः आम नागरिकलाई सरल र सहज रुपमा आधारभूत स्वास्थ्यसेवा उपलब्ध गराइनेछ । विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्न लगानी अभिवृद्धि गरिनेछ । बीमा सिद्धान्तको आवधारण अनुरूप स्वास्थ्य बीमा कार्यक्रम अघि बढाइनेछ । गुणात्मक स्वास्थ्य सेवामार्फत बढीभन्दा बढी जनसङ्ख्यालाई स्वास्थ्य सेवा पुऱ्याइनेछ । सार्वजनिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्दै जीवनउपयोगी, सीपयुक्त, रोजगारमूलक शिक्षामा जोड दिइनेछ । विद्यार्थी सङ्ख्याको आधारमा सार्वजनिक विद्यालयहरूको पुनःनक्साङ्कन गरी विद्यालयहरूलाई सुविधा सम्पन्न बनाइनेछ । प्राविधिक र व्यावसायिक धारमा गुणस्तरीय उच्चशिक्षा प्रदान गर्न जोड दिइनेछ । उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाउन जोड दिइनेछ । आधारभूत र गुणस्तरीय खानेपानी सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनेछ । नेपाली युवाको क्रिकेटलगायतका खेलमा देखिएको बढ्दो अभिरूचिलाई मध्यनजर राखी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सरकारले थप लगानी गर्नेछ । खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ।

सामाजिक न्यायः सामाजिक सुरक्षा र संरक्षण कार्यक्रममा रहेको दोहोरोपना हटाउँदै सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम दिगो र लक्षित वर्गमा केन्द्रित गरिनेछ । स्रोत र साधन एवम् अवसरमा सीमान्तकृत समुदाय र समुहको पहुँच अभिवृद्धि गरिनेछ । लैङ्गिक विभेद र महिला हिंसा न्यूनीकरणका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। अपाङ्गता, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक र लैङ्गिक आधारमा हुने विभेद र सबै प्रकारका छुवाछुत र कुरीतिको अन्त्य गर्न जोड दिइनेछ। उत्पादन र वितरणको उचित संयोजन गरी आय असमानता कम गर्ने र गरिबी निवारण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । भूमिको एकीकृत र डिजिटल अभिलेखको आधारमा सेवालाई सहज र सरल बनाइनेछ।

हरित तथा उत्थानशील विकास र विपद् व्यवस्थापनः जलवायु परिवर्तनबाट सिर्जना हुने विपद् न्यूनीकरण गरिनेछ । जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । क्षेत्रगत नीति तथा कार्यक्रममा जलवायु परिवर्तनको विषयलाई आन्तरिकीकरण गरिनेछ। मानवजन्य र प्राकृतिक विपद्बाट हुने क्षति र जोखिम न्यून गर्न पूर्वतयारीमा विशेष जोड दिइनेछ । जलवायु परिवर्तनको प्रभावले सिर्जना हुने आकस्मिक दायित्व व्यवस्थापनका लागि नविनतम वैकल्पिक वित्तीय उपकरणको विकास गरिनेछ। दिगो वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। वनजङ्गलको संरक्षण र व्यावसायिक उपयोगलाई प्रवर्द्धन गरिनेछ । मानव तथा वन्यजन्तुमैत्री भौतिक पूर्वाधार विकास गरिनेछ।

जनसांख्यिक लाभको उपयोग र युवा शक्तिको परिचालनः युवा लक्षित उद्यमशीलता विकास र आन्तरिक रोजगारी सिर्जना गर्दै युवाहरू कामका लागि विदेशिनु पर्ने परिस्थितिलाई कम गर्दै लगिनेछ। युवाहरूलाई व्यवसायिक सीप एवम् प्राविधिक शिक्षा प्रदान गरी सीपयुक्त बनाइनेछ । खेलकुद प्रतियोगिता सञ्चालन र खेलाडीको क्षमता विकासमा जोड दिइनेछ । सार्वजनिक र निजी क्षेत्रमा युवाजनशक्तिको क्षमता उपयोग गर्न इन्टर्नसिप कार्यक्रम सञ्चालन गरिनेछ।

वित्तीय क्षेत्र सुदृढीकरणः वित्तीय क्षेत्रको नियमन र सुपरिवेक्षण थप प्रभावकारी बनाई स्वस्थ, प्रतिस्पर्धी र भरपर्दो वित्तीय क्षेत्र विकास गरिनेछ। बैंक तथा वित्तीय संस्था, लघु वित्त, बीमा र पुँजी बजारका नियामक निकायको व्यवसायिकता वृद्धि गर्नुका साथै पारदर्शिता र जवाफदेहिता सुदृढ बनाइनेछ । सहकारी क्षेत्रको नियमनका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था मिलाइनेछ । लघु वित्त र सहकारीमा बचतकर्ताको लगानी सुरक्षाको व्यवस्था मिलाइनेछ ।कानुनी शासन र शान्ति सुरक्षाः संविधानको कार्यान्वयनमार्फत कानुनी शासनको प्रवर्द्धन तथा शान्ति सुरक्षाको प्रत्याभूत गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री एवम् भरपर्दो बनाइनेछ।

अन्तर्राष्ट्रिय सहयोग र सम्बन्धः छिमेकी एवम् मित्र राष्ट्रहरूसँग सन्तुलित र आपसी हित अभिवृद्धि गर्दै पारस्परिक लाभका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गरिनेछ । आर्थिक कूटनीतिको माध्यमबाट विकसित एवम् उदीयमान अर्थतन्त्रबाट प्राप्त हुनसक्ने लाभको उपयोग गरिनेछ। विदेशस्थित नेपाली नियोगहरूलाई वैदेशिक लगानी वृद्धि, पर्यटन तथा व्यापार प्रवर्द्धनमा परिचालन गरिनेछ। अन्तर र्राष्ट्रिय क्षेत्रमा नेपालको उपस्थिति सबल बनाइनेछ।

मैले माथि उल्लेख गरेका सिद्धान्त र प्राथमिकताका आधारमा बजेटको बाँडफाँट गर्दा उत्पादन वृद्धिलाई टेवा पुग्ने गरी प्राथमिकता प्राप्त आयोजनामा सार्वजनिक खर्च केन्द्रित गरिनेछ। चालु खर्चलाई नियन्त्रण गर्दै दोहोरो कार्यक्षेत्र भएका संरचना क्रमशः खारेज गर्दै लगिनेछ। निर्माणाधीन आयोजना सम्पन्न गर्न र स्रोत सुनिश्चित गरिएका आयोजनालाई आवश्यक रकम विनियोजन गरिनेछ । आयोजना वर्गीकरणको आधार तथा मापदण्ड पूरा भई पूर्वतयारी सम्पन्न भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

सरकारको खर्च बेहोर्ने प्रमुख स्रोतका रुपमा रहेको राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ। व्यवसाय र लगानीमैत्री कर नीति लिइनेछ । कर प्रणाली पुनरावलोकन गर्न गठित समितिको सुझाव समेतका आधारमा कर प्रणालीमा सुधारका कार्य अघि बढाइनेछ । राजस्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी राजस्व प्रशासनको व्यवसायिकता अभिवृद्धि र करदाताको व्यवसायिक लागत घटाउने गरी कर प्रणाली सुधारका कार्य अघि बढाइनेछ । करको दायरामा नआएका नयाँ व्यवसायिक क्षेत्र लक्षित गरी बजार अनुगमन र कर परीक्षण प्रभावकारी बनाइनेछ। कर चुहावट नियन्त्रणमा संस्थागत समन्वय सुदृढ बनाइनेछ।

आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको जगमा तर्जुमा हुने बजेटले मुलुकको समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सघाउ पुऱ्याउनुका साथै अर्थतन्त्रले गति लिने विश्वास लिएको छु।

सङ्घीय प्रणालीले सिर्जना गरेको सम्भावनाको उपयोग गरी तीव्र आर्थिक वृद्धि तथा सन्तुलित र समावेशी आर्थिक विकासको माध्यमबाट आम नागरिकमा आर्थिक सामाजिक लाभको समतामूलक वितरण गर्न मार्ग प्रशस्त हुनेछ । प्रस्तुत सिद्धान्त तथा प्राथमिकता उपर माननीय सदस्यहरूबाट रचनात्मक सल्लाह, सुझाव र सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । माननीयज्यूहरूको सल्लाह, सुझाव र सहयोग आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि महत्त्वपूर्ण मार्गदर्शनको रुपमा रहने विश्वास दिलाउन चाहन्छु ।रासस


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गजेन्द्र नारायण सिंह अस्पताल
राजविराज, सप्तरी

दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।११।१५

यस अस्पताल फार्मेसीलाई आ.व. ०८०।०८१ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकलका सामानहरु दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्ने इच्छुक इजाजत प्राप्त योग्यता पुगेका सप्लार्स एवं विक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रित पूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

शर्तहरू

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म दरभाउपत्र को माध्यमबाट नियमानुसार खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएके मितिले १६औं दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ। म्याद भित्र दर्ता भएका दरभाउपत्र हरु सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस अस्पतालमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. दरभाउपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।
४. दरभाउपत्रदाताले दरभाउपत्र जमानत धरौटी बापत नगद जमानत भए कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीको नाममा राष्ट्रिय बाणिज्य बैंक स्थित संघ धरौटी खाता २१८०१००१०२०३०००० कार्यालय कोड नं. ३७०००१५०२ को गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजको नाममा जम्मा गरि सोको सक्कलै भोचर वा बैंक जमानत भई कम्तिमा १२० दिन म्याद भएको बाणिज्य बैंक (क श्रेणी) बाट यस अस्पतालको नाममा जारी भएको बैंक जमानत (बिड बण्ड) बोलपत्र साथ संलग्न राख्नु पर्नेछ।
५. दरभाउपत्रदाताले आफूले कबोल गरेको प्रत्येक आईटमको मू.अ.क. बाहेक दर रेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखेको दर रेट फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ। B.O.Q. को सबै आइटम नभरिएको दरभाउपत्रलाई रितपूर्वकको दरभाउपत्र मानिने छैन।
६. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

तपसिल

| सि. नं. | ठेक्का नं. | विवरण | लागत अनुमान मू.अ.क.बाहेक | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | GNSH/SAPTARI/ GOODS/NCB/02/080/081 | Purchase of Medicines | ४९२७७९५।६६ | १०००।०० | १२३०००।०० |
| २ | GNSH/SAPTARI/ GOODS/NCB/03/080/081 | Purchase of Surgical Goods | ६२६९५३।५७ | १०००।०० | १५५००।०० |

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

# इजरायली सेनाद्वारा गाजाका सर्वसाधारणलाई 'उद्धार गर्ने' योजना प्रस्ताव

एएफपी

गाजा । इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुको कार्यालयले प्यालेस्टिनी भूमिको दक्षिणी शहर रफाहमा स्थलगत आक्रमण आवश्यक रहेको उल्लेख गर्दै इजरायली सेनाले गाजामा रहेका 'युद्ध क्षेत्रहरू' बाट सर्वसाधारणहरूलाई बाहिर निकाल्ने योजना प्रस्ताव गरेको बताउनुभएको छ।

विदेशी सरकार र सहायता संस्थाहरूले रफाहमाथि आक्रमण गर्दा ठूलो सङ्ख्यामा सर्वसाधारणको मृत्यु हुने डर बारम्बार व्यक्त गर्दै आएका छन् । अधिकांश अन्यत्रबाट विस्थापित प्यालेस्टिनी रहेको रफाहमा १४ लाखभन्दा बढी प्यालेस्टिनी विस्थापित भएका छन् । इजरायलले स्थल सेनाको कारबाहीबाट अछुतो रहेको गाजाको अन्तिम शहर रफाहमा उनीहरू भेला भएका छन् । छिमेकी मुलुक इजिप्ट हुँदै ल्याइएका अति आवश्यक सहायताका लागि पनि यो प्रवेशविन्दु हो ।नेतन्याहुको



कार्यालयबाट हिब्रु भाषामा जारी विज्ञप्तिमा भनिएको छ, "इजरायली सेनाले गाजा पट्टीमा युद्धग्रस्त क्षेत्रहरूबाट जनसङ्ख्यालाई बाहिर निकाल्ने योजना र आगामी परिचालन योजनाबारे प्रस्ताव युद्ध क्याबिनेटलाई प्रस्तुत गरेको छ ।" वक्तव्यमा सर्वसाधारणलाई कसरी र कहाँ सार्ने भन्ने बारे कुनै जानकारी दिइएको छैन ।दोहामा इजरायली र हमासका प्रतिनिधिहरूको सहभागितामा र इजिप्ट, कतारी र अमेरिकी 'द्वन्द्व विज्ञहरू' को समन्वयमा युद्धविराम सम्झौता वार्ताका लागि भएको बैठकपछि यो घोषणा गरिएको इजिप्टको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।इजरायलको सहयोगी संयुक्त राज्य अमेरिकाले जारी मध्यस्थता प्रयासले युद्धविराम र बन्धकहरूलाई रिहा गर्ने दिशामा 'समझदारी' को वातावरण बनेको बताएको छ भने हमास समूह निकट स्रोतले इजरायली सेना फिर्ता गर्न जोड दिएको बताएको छ । यद्यपि नेतन्याहुले भने रफाहमाथिको आक्रमणले इजरायललाई हमासमाथि 'पूर्ण विजय' हासिल गर्न केही हप्ताभित्रै सहयोग पुग्ने बताउनुभएको छ । "यदि हामीसँग युद्धविराम सम्झौता भयो भने केही ढिला हुनेछ," आइतबार सीबीएससँगको अन्तर्वार्तामा उहाँले भन्नुभयो, "एक पटक हामी अपरेसन सुरु गरेपछि पूर्ण जीत हाम्रो लक्ष्य हो र पूर्ण जीत पहुँचभित्र छ र त्यो पनि महिना होइन केही हप्ता टाढा मात्र छ।"बढ्दो मानवीय सङ्कटका बीच प्यालेस्टिनका लागि संयुक्त राष्ट्रसङ्घको प्रमुख सहायता निकायले गाजामा अनिकाल हुन नदिन राजनीतिक कदम चाल्न आग्रह गरेको छ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय यूएनआरडब्लुएका प्रमुख फिलिप लाजारिनीले उत्तरी गाजामा खाद्यान्नको चरम अभाव 'मानव सिर्जित विपत्ति' भएको र यसलाई कम गर्न सकिने बताउनुभएको छ। "अर्थपूर्ण सहायतामा पहुँच र सुरक्षा प्रदान गर्न साँचो राजनीतिक इच्छाशक्ति रहेमा अनिकालबाट बच्न सकिन्छ", उहाँले भन्नुभएको छ । संयुक्त राष्ट्रसङ्घले विशेषगरी उत्तरी गाजामा सहायता वितरणमा प्रतिबन्धको सामना गरिरहेको जनाएको छ।

# 'ए' ग्रेडका खेलाडीले मासिक तलब एक लाख पाउने

टुडे समाचारदाता

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) ले 'ए' ग्रेड मा पर्ने पुरुष खेलाडीलाई मासिक तलब रु एक लाख दिने निर्णय गरेको छ। यही फागुन १२ र १४ गते बसेको क्यानको केन्द्रीय कार्यसमितिको बोर्ड बैठकले पुरुषतर्फ 'ए' ग्रेडमा पर्ने खेलाडीलाई मासिक रु एक लाख तलब दिने निर्णय गरेको हो । 'ए' ग्रेडमा छ जना खेलाडी पर्न सफल भएका छन् ।



बैठकले पुरुषतर्फ 'बी' ग्रेडमा पर्ने खेलाडीलाई रु ७० हजार, 'सी' ग्रेडलाई रु ५५ हजार, 'डी' ग्रेडलाई रु ३५ हजार तथा इमर्जिङ समूहमा पर्नेलाई रु २५ हजार प्रदान गर्ने निर्णय गरेको हो ।

'ए' ग्रेडमा राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलसहित सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख र कुशल भुर्तेल छन् ।

त्यसैगरी ग्रेड 'बी'मा कुशल मल्ल, गुलशन झा, भीम सार्की, ललित नारायाण राजवंशी र अभिनाश बोहोरा छन् । ग्रेड 'सि'मा विनोद भण्डारी, अर्जुन साउद, सन्दीप जोरा र प्रतिश जिसी छन् ।


ग्रेड 'डी'मा पवन सर्राफ, सागर ढकाल, अनिल शाह, विवेककुमार यादव, आकाश चन्द, बसिर अहमद र सूर्य तामाङ छन् भने इमर्जिङ समूहमा दीपेश कँडेल, रुपेश सिंह, रिजन ढकाल, विपिन खत्री, देव खनाल, अर्जुन घर्ती र हेमन्त धामी छन् । महिलातर्फको ग्रेड 'ए'मा इन्दु वर्मा, रुविना क्षेत्री र सिता रानामगर छन् भने ग्रेड 'बी'मा कविता कुँवर, ग्रेड 'सी'मा पुजा महतो र अशिमना कर्मचार्य छन् । त्यसैगरी ग्रेड 'डी'मा अप्सरी बेगम, कविता जोशी, सङ्गीता राई, काजोल श्रेष्ठ र विन्दु रावल छन् ।

इमर्जीङमा सोनी पाखिन, खुसी डङ्गोल, ज्योत्स्निका मरासिनी, कन्चन श्रेष्ठ, रुवी पोदार, सृष्टि जैशी, सम्झना खड्का र सना प्रविन छन् । महिलातर्फको 'ए' ग्रेडका पर्ने खेलाडीलाई रु ५० हजार प्रदान गरिनेछ भने 'बी' ग्रेडलाई रु ३५ हजार, 'सी' लाई रु ३० हजार, 'डी' लाई रु २५ हजार तथा इमर्जिङ समूहलाई रु २० हजार प्रदान गर्ने बैठकले निर्णय गरेको छ ।

# प्यालेस्टिनी सरकारले अब्बासलाई बुझायो राजीनामा

एएफपी

रमल्लाह । गाजाको बदलिँदो वास्तविकतालाई ध्यानमा राख्दै 'नयाँ राजनीतिक उपायहरू' आवश्यक रहेको भन्दै कब्जा गरिएको पश्चिम किनारको केही भागमा शासन गर्दै आएको प्यालेस्टिनी सरकारका प्रधानमन्त्री मोहम्मद श्तेयेहले सोमबार आफ्नो सरकारको राजीनामा घोषणा गर्नुभएको छ।



"म सरकारको राजीनामा राष्ट्रपति महमुद अब्बासलाई बुझाउँछु", प्रधानमन्त्री श्तेयेहले भन्नुभयो, "यो राजीनामा गाजापट्टीविरुद्ध आक्रामकता र पश्चिम किनार तथा जेरुसेलममा तनावसँग सम्बन्धित घटनाक्रमलाई ध्यानमा राख्दै आएको हो ।"उहाँले गत मङ्गलबार राजीनामा प्रस्ताव गरेको तर सोमबार औपचारिकरूपमा यसलाई 'लिखितरूपमा' बुझाउन गइरहेको बताउनुभयो । अक्टोबर ७ मा इजराइल र प्यालेस्टिनी इस्लामी आन्दोलन हमासबीच युद्ध सुरु भएपछि राष्ट्रपति अब्बासले बढ्दो आक्रोशको सामना गर्नुपरेको छ। धेरै मानिसले इजराइली आक्रमण र पश्चिम किनारमा बढ्दो हिंसाको कडा निन्दा नगरेकामा प्यालेस्टिनी राष्ट्रपतिको आलोचना गरेका छन् ।

पश्चिम किनारमा सीमित शक्तिको प्रयोग गर्ने प्यालेस्टिनी नेतृत्व अब्बासको प्यालेस्टिनी प्राधिकरण र गाजामा शासन गर्ने हमासबीच सन् २००७ पछि विभाजित भएको छ। अमेरिकालगायत धेरै मुलुकले गाजामा युद्ध समाप्त भएपछि सबै प्यालेस्टिनी क्षेत्रको जिम्मा लिने सुधारिएको प्यालेस्टिनी प्राधिकरणको आह्वान गरेपछि पश्चिम किनारमा सरकारको राजीनामा आएको हो ।

श्तेयेहले राजीनामा घोषणा गर्दै एक संक्षिप्त भाषणमा भन्नुभयो, "अर्को चरण र यसका चुनौतीहरूका लागि गाजापट्टीमा नयाँ वास्तविकतालाई ध्यानमा राख्ने गरी नयाँ सरकारी र राजनीतिक उपायहरूको आवश्यकता छ ।" उहाँले अन्तर-प्यालेस्टिनी सहमति र 'प्यालेस्टिनको सम्पूर्ण भूमिमा (प्यालेस्टिनी) प्राधिकरणको शासन विस्तार' का लागि आह्वान गर्नुभयो ।

# जापानको चन्द्रमा ल्यान्डर चन्द्र रातपछि भयो पुनर्जीवित

एएफपी

टोक्यो । जापानको चन्द्रमा ल्यान्डरले दुई साताको चन्द्र रातपछि ब्युँझिएर आश्चर्य उत्पन्न गरेको मुलुकको अन्तरिक्ष एजेन्सीले सोमबार बताएको छ ।

मानवरहित स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेटिङ मुन (एसएलआइएम) गत महिना एउटा अस्पष्ट कोणमा तल खस्दा यसको सौर्य प्यानल गलत दिशामा गएको थियो । जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जेएएक्सए) ले सूर्यको कोण परिवर्तन भएपछि ल्यान्डर दुई दिनका लागि पुनर्जीवित भएको र एउटा उच्च-विशिष्ट क्यामेरामार्फत एउटा क्रेटरको वैज्ञानिक अवलोकन गरेको बताएको छ ।

अँध्यारो हुनेबित्तिकै यो फेरि सुत्यो । यसलाई कठोर चन्द्र रातहरूका लागि डिजाइन गरिएको थिएन । यो फेरि ब्युँझिने छ भन्नेबारेमा जेएएक्सए अनिश्चित थियो । "हिजो हामीले एउटा कमान्ड पठाएका थियौँ र यसको एसएलआइएमले जवाफ दिएको छ", जेएएक्सएले सोमबार सामाजिक सञ्जाल एक्समा भनेको छ, "एसएलआइएम आफ्नो सञ्चार कार्यलाई कायम राख्दै चन्द्रमाको सतहमा एक रात जीवित रहन सफल भयो, अहिले पनि चन्द्रमामा दिउँसो थियो र सञ्चार उपकरणको तापक्रम अत्यधिक भएकाले थोरै समयका लागि सञ्चारलाई बन्द गरियो ।"

"जब उपकरणको तापक्रम पर्याप्तरूपमा चिसो हुनेछ सञ्चालन पुनः सुरु गरिने तयारी भइरहेको छ", एक्समा भनिएको छ।

आफ्नो सटिक अवतरण प्रविधिका लागि 'मुन स्नाइपर' भनिने एसएलआइएम जनवरी २० मा आफ्नो लक्षित अवतरण क्षेत्रभित्र पुगेको थियो । हालैका असफलताहरूपछि यो उपलब्धि जापानको अन्तरिक्ष कार्यक्रमको एउटा जित थियो । यसबाट अमेरिका, सोभियत सङ्घ, चीन र भारतपछि चन्द्रमामा 'सफ्ट ल्यान्डिङ' हासिल गर्ने जापान पाँचौँ मुलुक बनेको छ।

# अफगानिस्तानका विषयमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठक बस्दै

एएनआई

काबुल ।अफगानिस्तानको विषयमा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बैठक आज (सोमबार) बस्ने भएको खामा प्रेसले जनाएको छ।



राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको दोहा बैठकपछि अफगानिस्तान सम्बन्धमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्को यो पहिलो सत्र हो । टोलो न्युजका अनुसार अफगानिस्तानका लागि प्रस्तावित राष्ट्रसङ्घको दूतका सम्बन्धमा परिषद्को बैठकमा छलफल हुने अपेक्षा गरिएको छ।

सुरक्षा परिषद्को सत्रका क्रममा परिषद्ले दोहा बैठकको नतिजा र अफगानिस्तानका लागि एक विशेष प्रतिनिधिको नियुक्तिबारे छलफल गर्ने स्रोतले सङ्केत दिएको छ।

खामा प्रेसका अनुसार दोहा बैठक महासचिव गुटेरसको आयोजनामा फेब्रुअरी १८ र १९ मा भएको थियो । अफगानिस्तानको सङ्कटको समाधानका लागि राष्ट्रसङ्घका विशेष प्रतिनिधिको नियुक्ति राष्ट्रसङ्घ र केही अन्य क्षेत्रीय मुलुकबीच एउटा महत्त्वपूर्ण मुद्दा बनेको छ। यसका अतिरिक्त चीन, रुस र इरानले तालिबानको स्वीकृतिमा अफगानिस्तानका लागि नयाँ प्रतिनिधिको स्वीकृतिको शर्त राखेका छन् । यद्यपि तालिबानले विज्ञप्तिमार्फत सार्वजनिकरूपमा विशेष प्रतिनिधिको नियुक्तिको विरोध गरेको खामा प्रेसले बताएको छ।

दोस्रो दोहा बैठकपछि महासचिव गुटेरसले नयाँ राष्ट्रसङ्घीय प्रतिनिधिको नियुक्तिलाई लिएर तत्काल परामर्श सुरु हुने घोषणा गर्नुभएको छ। राष्ट्रसङ्घद्वारा अफगानिस्तानका लागि एक विशेष प्रतिनिधिको नियुक्ति यस क्षेत्रमा चलिरहेको सङ्कटलाई सम्बोधन गर्ने दिशामा महत्त्वपूर्ण कदम हो र यसले शान्तिपूर्ण समाधान खोज्नका लागि अन्तर्राष्ट्रिय समुदायको प्रतिबद्धतालाई जोड दिन्छ।

# बुर्किनाको चर्चमा आक्रमणकारीहरूद्वारा १५ उपासकको हत्या

एएफपी

औगादुगु । उत्तरी बुर्किना फासोमा आइतबारको प्रार्थनासभामा एक क्याथोलिक चर्चमा भएको 'आतङ्कवादी' हमलामा कम्तीमा १५ व्यक्ति मारिएको र अन्य दुई जना घाइते भएको चर्चका एक वरिष्ठ अधिकारीले बताएका छन् ।




डोरी सुबाका पादरी जिन-पियरे सवाडोगोले विज्ञप्तिमा भन्नुभयो, "फेब्रुअरी २५ मा आइतबारको प्रार्थनासभाका लागि जम्मा भएका एस्साकेन गाउँको क्याथोलिक समुदायका मानिसहरू आतङ्कवादी हमलाको शिकार भएको हामी तपाईंको ध्यानाकर्षण गराउँछौँ ।"

उहाँले मर्नेहरूको सङ्ख्या १५ पुगेको र दुई जना घाइते भएको जानकारी दिनुभयो । बुर्किना फासोमा शान्ति र सुरक्षाका लागि आह्वान गर्दै सावाडोगाले 'हाम्रो मुलुकमा मृत्यु र आतङ्क मच्चाउने मानिसहरूको निन्दा' गर्नुभयो ।

हमला भएको एस्साकेन गाउँ मुलुकको उत्तरपूर्वी बुर्किना फासो, माली र नाइजरको साझा सीमा नजिकै 'तीन सीमा' क्षेत्रका रूपमा चिनिन्छ।

यो आक्रमण यस क्षेत्रमा सक्रिय जिहादी समूहहरूमाथि अत्याचारको शृङ्खलामा पछिल्लो हो । आक्रमणमा केहीले ईसाई चर्चहरूलाई निशाना बनाएका छन् भने पादरीको समेत अपहरण गर्ने गरेका छन् ।

बुर्किना फासो विशाल साहेल क्षेत्रको हिस्सा हो । यसलाई सन् २०११ मा लिबियाको गुहयुद्धपछि बढ्दो हिंसात्मक उग्रवादविरुद्धको लडाइँमा बन्द गरिएको छ। त्यसपछि सन् २०१२ मा उत्तरी मालीमाथि इस्लामवादीहरूले कब्जा गरेका छन् ।

सन् २०१५ मा बुर्किना फासो र नाइजरमा जिहादी विद्रोह विस्तार भएको हो ।

सन् २०२२ मा एक वर्षभन्दा पनि कम समयमा मुलुकमा दोस्रो सत्ता विद्रोहका रूपमा क्याप्टेन इब्राहिम ट्रोरेले सत्ता कब्जा गर्नुभएको थियो ।

दुवै सत्ता विद्रोह जिहादी हिंसालाई रोक्न सरकारको असफलतामाथि असन्तोषका कारण उत्पन्न भएको थियो ।

उक्त हिंसामा बुर्किना फासोमा कम्तीमा २० हजार मानिस मारिएका थिए भने २० लाखभन्दा बढी विस्थापित भएका थिए।

# सदस्यद्वारा विकासका लागि लगानी सम्झौतामा हस्ताक्षर

एएफपी

अबुधाबी । विश्व व्यापार सङ्गठन (डब्लुटिओ) ले एक सय २० भन्दा बढी सङ्गठनका सदस्य राष्ट्रले पारदर्शितामा सुधार र कर्मचारी तन्त्र अवरोधहरू हटाएर विकासोन्मुख मुलुकहरूमा लगानीलाई सुविधाजनक बनाउने उद्देश्यले एक सम्झौतालाई अन्तिम रूप दिएको आइतबार बताएको छ ।डब्लुटिओका ७५ प्रतिशत सदस्यद्वारा हस्ताक्षरित विकासका लागि लगानी सहजीकरण (आइएफडी) सम्झौतालाई संस्थाको नियमानुसार औपचारिकरूपमा समावेश गर्नुअघि पूर्ण सहमति आवश्यक हुनेछ।




व्यापक समर्थन भए पनि केही सदस्यले अहिले पनि डब्लुटिओमा यसको एकीकरणको विरोध गर्न सक्छन् । सबै मुलुकलाई समेट्न नसक्ने ती सम्झौताको सामान्यतया विरोध गर्ने मुलुकमा भारत पनि सामेल छ ।डब्लुटिओले अबुधाबीमा आफ्नो१३औंमन्त्रिस्तरीयसम्मेलन सुरु गर्नुभन्दा केही घन्टाअघि उक्त सम्झौतालाई डब्लुटिओको वेबसाइटमा सार्वजनिक गरिएको थियो।पाठअनुसार उक्त सम्झौताले दिगो विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले 'प्रत्यक्ष वैदेशिक लगानी प्रवाहलाई विशेषरूपमा विकासोन्मुख र अल्प विकसित' मुलुकहरूलाई सुविधाजनक बनाउने लक्ष्य राखेको छ।

यसलाई हासिल गर्न भाग लिने देशहरू 'उपायहरूको पारदर्शितामा सुधार गर्न, प्रशासनिक प्रक्रियाहरूलाई सुव्यवस्थित गर्न, अन्य लगानी सुविधा उपायहरूलाई अपनाउन र अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन गर्न' सहमत भएका छन् । डब्लुटिओ प्रमुख नगोजी ओकोन्जो-इवेलाले उक्त सम्झौतालाई अग्रणी सम्झौता भन्नुभएको छ । उहाँका अनुसार सम्झौताले यसका हस्ताक्षरकर्ताहरूलाई उनीहरूले विकास वृद्धि गर्न चाहने प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सहयोग गर्ने वाचा गर्दछ।

युरोपेली सङ्घ (इयु) को व्यापार प्रमुख वाल्डिस डोम्ब्रोभ्स्कीले भन्नुभयो, "यो विकासोन्मुख तथा कम विकसित मुलुकहरूका लागि थप लगानी आकर्षित गर्ने आफ्नो क्षमतालाई बढावा दिने एउटा अवसर हो ।"हस्ताक्षरकर्ताहरूले फेब्रुअरी २९ सम्म चल्ने अबुधाबी बैठकमा यसलाई समावेश गर्न आग्रह गर्दै निवेदन जारी गरेका छन्। उक्त सम्झौताको समावेशले अन्य मुलुकहरूलाई स्वैच्छिक आधारमा समावेश हुन अनुमति दिनेछ। चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओले भन्नुभयो, "हामी सबै डब्लुटिओ सदस्यहरूले एमसी१३ मा डब्लुटिओ प्रणालीमा यसलाई सामेल गर्न समर्थन गर्न आह्वान गर्दछौं।"

# जापानले भूकम्प पीडितका लागि थप ६६ करोड डलर खर्च गर्ने

एएफपी

टोकियो। जापानले भूकम्पले क्षति पुऱ्याएका क्षेत्रको पुनः निर्माणका लागि थप ६६ करोड अमेरिकी डलर खर्च गर्ने योजना सार्वजनिक गरेको छ।

जापानका प्रधानमन्त्री प्रधानमन्त्री फुमियो किशिदाले भूकम्पले क्षति पुऱ्याएका क्षेत्रको पुनःनिर्माणका उक्त रकम खर्च गर्ने बताउनुभएको छ । उहाँले शनिबार भूकम्प प्रभावित क्षेत्रको निरीक्षणपछि नयाँ आर्थिक सहायताको घोषणा गर्नुभएको हो।

सन् २०२४ जनवरी १ मा गएको ७.५ म्याग्नीच्युडको भूकम्प र त्यसपछिका पराकम्पनले जापानको समुद्री तटमा रहेको इशिकावा क्षेत्रको केही भागलाई तहसनहस बनाएको थियो । भूकम्पका कारण धेरै भवनहरू र सडकहरू भत्किएका थिए भने विशाल आगलागी समेत भएको थियो ।भूकम्पमा परी अहिलेसम्म २४१ जनाको मृत्यु भएको पुष्टि भएको छ भने १० हजार भन्दा बढी मानिसहरू शिविर र होटलमा शरण लिइरहेका छन्, र इशिकावाका केही भागहरूमा अझै पनि खानेपानीको सेवा सहज हुनसकेको छैन । "अस्थायी आश्रयस्थलमा बस्ने अवस्थामा सुधार भइरहेको छ, तर म यो कुरा मनमा राख्नेछु कि वास्तविकता पहिलेजस्तै कठिन छ," किशिदाले सबैभन्दा बढी प्रभावित शहर वाजिमामा पत्रकारहरूसँग भन्नुभयो । "निरीक्षणले 'थप सहयोग प्रदान गर्ने दिशामा काम गर्ने सरकारको दृढतालाई पुनः पुष्टि गरेको छ'," उहाँले भन्नुभयो। किशिदाले चालू आर्थिक वर्षको सञ्चित कोषबाट करिब १०० अर्ब येन (६६ करोड अमेरिकी डलर) को अतिरिक्त खर्चलाई आगामी दिनमा आफ्नो क्याबिनेटले अनुमोदन गर्ने बताउनुभयो।

यो नयाँ वर्षको दिनको भूकम्पबाट पुनरुत्थानको प्रयासका लागि आपतकालीन कोषको तेस्रो विनियोजन हो, जुन रकम अब कुल २६० अर्ब येन (१.७ अर्ब डलर) भन्दा बढी हुने अपेक्षा गरिएको छ ।किशिदाले भन्नुभयो, "नवीनतम कोषहरू अनुदान प्रणालीको वित्तपोषणको लागि डिजाइन गरिएको छ जसले युवा र बाल-पालन गर्ने परिवारहरूलाई उनीहरूको ध्वस्त घरहरू पुनर्निर्माण गर्न मद्दत गर्दछ ।"प्रधानमन्त्री किशिदाले पूर्वनिर्मित अस्थायी आवास निर्माणका लागि प्रयासलाई तीव्रता दिइने र वाजिमाको परम्परागत कलाकृति उद्योगका लागि थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भूकम्पका कारण इशिकावा र दुई छिमेकी क्षेत्रमा १.१ ट्रिलियन येन (७.४ अर्ब डलर) देखि २.६ ट्रिलियन येन (१७.६ अर्ब डलर) को क्षति भएको सरकारी अनुमान छ।

# छ वर्षमा ३५ हजार साना उद्योग थपिए



**टुडे समाचारदाता**

गण्डकी । पछिल्ला छ वर्षमा गण्डकी प्रदेशमा ३५ हजार सात सय १६ घरेलु तथा साना उद्योग थपिएका छन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आँकडाअनुसार सोही अवधिमा ३२ हजार नौ सय ९४ व्यवसाय दर्ता भएका छन् ।

जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयमा लघु, घरेलु तथा साना उद्योग दर्ता हुने गरेको मन्त्रालयका उद्योग-वाणिज्य महाशाखा प्रमुख रामप्रसाद आचार्यले बताए । "प्रदेश सरकार स्थापना भएयता ३५ हजार सात सय १६ घरेलु तथा साना उद्योग दर्ता भएको देखिन्छ", उनले भने, "स्वरोजगारसँगै स्थानीय बजार चलायमान बनाउन साना उद्योग तथा व्यवसायको महत्वपूर्ण योगदान छ ।"घरेलु तथा साना उद्योगको संख्या बढ्दैमा ठूलो पुँजी लगानी र रोजगारी वृद्धि भने नहुने महाशाखा प्रमुख आचार्यले भनाइ छ । उनका अनुसार समयमा नवीकरण नगरेका कारण साना तथा घरेलु उद्योग खारेजीमा समेत पर्ने गरेका छन् । कतिपय सञ्चालन हुन नसकेर बन्द भएका छन् । रु १० करोडभन्दा कम स्थिर पुँजी भएका उद्योग पर्यटन तथा उद्योग कार्यालय दर्ता गराउन सकिने कानुनी व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग स्थानीय तहमै दर्ता गर्न सकिने व्यवस्था गरे पनि बैंक कर्जाका लागि उद्योग पर्यटन तथा उद्योग कार्यालयमै दर्ता हुने क्रम बढीरहेको मन्त्रालयले जनाएको छ । उद्योग स्थानीय तह वा प्रदेशका ११ वटै जिल्लामा रहेका पर्यटन तथा उद्योग कार्यालयमा दर्ता गर्न सकिने महाशाखा प्रमुख आचार्यले बताए।घरेलु तथा साना उद्योगमा कृषि फार्म, हस्तकला, काष्ठकला, परम्परागत सीप र प्रविधिमा आधारित वस्तुको उत्पादन, फलाम या अन्य धातुबाट बनाइने घरायसी प्रयोजनका सामग्री, ईँटा, माटाका भाँडाकुँडा, सिलाइ, बुनाइ, हाते कागज, मूर्तिकलालगायत पर्छन् ।

लगानी वृद्धि र रोजगार सिर्जनाका लागि ठूला उद्योगको कमी रहे पनि साना उद्योग तथा व्यवसायलाई मुलुकको अर्थतन्त्रका मूल आधार मानिन्छ । स्थानीय अर्थतन्त्रलाई चलायमान र सुदृढ बनाउन त्यस्ता उद्योग, व्यवसायको ठूलो भूमिका हुने महाशाखा प्रमुख आचार्यले बताए। 'डिजिटल गण्डकी'को नीतिअनुरुप एक लाख आठ हजार दुई सय ५३ उद्याग तथा वाणिज्य फार्मको विद्युतीय अभिलेखन गरिएको जनाइएको छ । उद्योग तथा वाणिज्य प्रशासनमा विद्युतीय सेवा प्रवाह सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयलेकास्कीकोपुँडीटार र नवलपुरको लोकाहाखोलामा बन्ने औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार पारी वातावरणीय अध्ययनको कामलाई अगाडि बढाएको छ । गण्डकी प्रदेश सरकारले छ वर्षअघि निर्माण घोषणा गरेका ती आयोजनाको वातावरणीय अध्ययनका लागि परामर्शदाता कम्पनी गौमुखी इन्जिनियरिङले जिम्मा पाएको महाशाखा प्रमुख आचार्यले बताए।

वातावरणीय प्रभाव मूल्याङ्कन नगरेसम्म औद्योगिक क्षेत्रका लागि सङ्घ सरकारबाट जग्गा उपलब्ध नहुने भएपछि वातावरणीय अध्ययनको कामलाई प्रदेश सरकारले अगाडि बढाएको हो । समयमा जग्गा व्यवस्थापन हुन नसक्दा घोषणा गरेको वर्षौं बित्दासमेत औद्योगिक क्षेत्र निर्माणको काम सुरु हुन सकेको छैन ।'एक स्थानीय तह, एक उद्योग ग्राम' अन्तर्गत गण्डकी प्रदेशका २९ स्थानीय तहमा पूर्वाधार निर्माणको काम भइरहेको छ । यसमध्ये २३ उद्योग ग्राममा प्रदेश सरकारको रु आठ करोड ५० लाख बजेट खर्च भएको जनाइएको छ ।

# गौशालामा सीमित भए रैथाने गाई

म्याग्दी । म्याग्दीको धवलागिरि गाउँपालिका-७ ताकमका इन्द्रलाल पौडेलका गोठमा २५ वर्षअघिसम्म ४२ वटा गाईगोरु थिए । "हिजोआज धार्मिक कार्यका लागि आवश्यक पर्ने गाईको दूध र गहुँत नपाइने अवस्था आयो", उनले भने, "गाई देखिनै छाडे, गोरु पनि पाउन मुस्किल भयो ।"

पौडेलका अनुसार ३५० घरधुरी भएको ताकम गाउँमा अहिले दुई घरमा मात्र गाई छन् । पूजाआजा र धार्मिक कार्यका लागि दूध तथा गहुँतका लागि गाईका साहूलाई पहिले नै भन्नुपर्छ । धवलागिरी गाउँपालिका-७ काफलडाडाका नेत्रप्रसाद पुन गाईको गोठ लिएर लेकबेंसी गर्न छाडेको १५ वर्ष भयो । "थोरै दूध दिने १० वटा गाई पाल्नुभन्दा धेरै दूध दिने एउटै भैँसी पाल्दा सजिलो छ", उनले भने, "खनजोत गर्ने मिनिटेलर हलो भित्रिएपछि गोरुको पनि महत्व घट्यो । गाई पाल्ने चलनै हरायो ।"

### विदेशिए गोठाला, हराए गोठ

ताकममा मात्र नभएर हिजोआज पहाडका गाउँघरमा रैथाने जातका गाई भेट्टाउन मुस्किल पर्न थालेको छ । धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेका रैथाने गाईगोरु दुर्लभ हुन थालेका छन् । उत्पादनको लागत घटाउन र आम्दानी बढाउन उन्नत जातको व्यावसायिक पशुपालन उपयुक्त हो । उन्नत जात र व्यावसायिकतासँगै रैथाने जातका पशुको संरक्षणमा ध्यान पुगेको देखिँदैन ।


बढी दूध दिने उन्नत र वर्णशङ्कर जातको गाई र भैँसी पाल्ने तथा खेतबारी खनजोतका लागि ट्याक्टर र मिनिटेलर हलोको बढ्दो प्रयोगसँगै स्थानीय जातका गाई र गोरु पाल्ने चलन हराएको धवलागिरि गाउँपालिका-३ मुनाका ७६ वर्षीय गङ्गबहादुर पहरे पुनले बताए। "खेतबारीमा मल बनाउन, 'गोरस' (दूध, दही, मही र घ्यु), धार्मिक कार्य र गोरुका लागि घरैपिच्छे गाई पालेर लेकबेंशी गरिन्थ्यो," उनले भने "कामको खोजीमा विदेश जाने क्रमसँगै गाउँमा गोठ बस्ने मान्छे पाइन छाडे । ट्र्याक्टर भित्रिएपछि गोरु नचाहिने भएकाले गाई पाल्ने चलन झनै घट्यो ।"

पहिले हरेक घरको एउटा गोठ हुने गरेकामा पछिल्लो समय गाईगोरु पाल्ने चलन घटेकाले एउटा टोलभरिको गाईबस्तु लिएर एक जना गोठमा जाने गरेका छन् । बर्खामा हिमालको फेदीका बुकी खर्कमा पुग्ने गोठ हिउँदमा बेशीका फाँटमा झर्छन् । पशुका लागि पोषिलो घाँस पाइने हिमाली चरन क्षेत्रलाई बुकी र गाईबस्तुको गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ ।

### ट्र्याक्टर र यान्त्रिक हलोले गोरु विस्थापित

दुई दशकअघिसम्म स्याङ्जा, पर्वत, कास्की, बाग्लुङका कृषक खेतबारी जात्ने गोरु किन्न म्याग्दीको धवलागिरि गाउँपालिका जाने गर्दथे । होचा र साना शरीर हुने पहाडी जातका गोरु बलिया, पाल्न सजिलो र १५/२० वर्षसम्म जोत्नका लागि प्रयोग गर्न सकिन्छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका नायव पशु सेवा प्राविधिक गणेश रिजाल भन्नुहुन्छ, "मिनिटेलर र ट्र्याक्टर भित्रिएपछि स्थानीय जातका गाईको संख्या घटेको छ", उनले भने, "सरकारले पनि बढी दूध दिने गाईभैँसीमा जोड दिएकाले वर्णशंकर र उन्नत जातको गाई बढ्ने र स्थानीय जातका घटेको देखिन्छ ।" उनका अनुसार जिल्लामा हाल २० हजारको संख्यामा गाई पालिएका छन् । फरक फरक जातका गाईको गणना र तथ्याङ्क छैन ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको अभिलेखअनुसार नेपालमा आठ प्रजातिका गाई छन् । म्याग्दीलगायत जिल्लामा पालिने गाईका जातलाई पहाडी भनिन्छ । पहाडी गाईहरु भुटान, सिक्किम र दार्जिलिङबाट नेपालमा भित्रिएका हुन् । २०० देखि ३०० केजीसम्म तौल हुने पहाडी गाईको रङ कालो, रातो, फुस्रो र टाटेपाटे हुन्छ । यी गाईले एक बेतमा



१५०-२०० लिटरसम्म दूध दिन्छन् । पहाडी गाईको दूध पोषिलो र स्वास्थ्यकर मानिन्छ । याक, नाक र चौरी, लुलु, होलिस्टेन फ्रिजन, ब्रोन स्विस र शाही वाल नेपालमा पालिने गाईका अन्य जात हुन् ।

### रैथाने गाईको दूधमा औषधीय गुण

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र म्याग्दीका कविराज निरीक्षक प्रेमप्रसाद गौतमले मानिस र गाईको दूधमा पाइने क्यारोटिन तत्व आँखा र मस्तिष्कका लागि महत्वपूर्ण हुने बताए। "गाईको दूध सेवन गर्दा स्वास्थ्यलाई धेरै किसिमको फाइदा गर्ने र रोग लाग्नबाट बचाउने विभिन्न वैज्ञानिक अध्ययनहरुबाट पहिचान भएको तथ्य हो", उनले भने, "गाईबाट प्राप्त हुने पञ्चतत्व दूध, दही, घ्यू, गोबर र गहुँतको धार्मिक महत्वसँगै आयुर्वेद र चिकित्साशास्त्रमा समेत उपयोगी मान्ने गरिएको छ ।"

नेपालको संविधानको धारा ९ (३) मा गाईलाई राष्ट्रिय जनावर उल्लेख गरिएको छ । कानुनले नेपालमा गौवध गर्न प्रतिबन्ध लगाएको छ । गाईलाई समाजमा संरक्षणको हेतुले हेर्ने दृष्टिकोण उदार बन्न नसकेको बेनी नगरपालिका-१ मा रहेको श्रीलक्ष्मीहरी मन्दिरका महन्थ हिमालय बाबाले बताए। "गाईलाई धर्म र संस्कृतिसँग मात्र जोडेर बुझ्नु हुँदैन," उनले भने "जैविक विशेषता बोकेका वैदिक गाईको नस्ल देशको जैविक सम्पत्ती पनि हो । यसलाई बचाउन राज्य र समाजले चासो दिनुपर्छ ।" स्थानीय गाईको गोवर, गहुँत खेतीबारीमा मात्र होइन, औषधीय कार्यमा पनि उपयोग हुने हिमालय बाबाको भनाइ छ ।

हिन्दू धर्मावलम्बीहरुका लागि गाई जन्मदेखि मृत्युसम्म नै अति आवश्यक जनावर मानिन्छ । हिन्दू धर्मावलम्बीहरुले लक्ष्मीका रूपमा गाईलाई पूजा गर्छन् । गाईको सेवाबाट ऋषि, महर्षि, राजर्षिहरुले शक्ति र सौभाग्य प्राप्त गरेको प्रसङ्गहरु पुराणमा उल्लेख छ । गाईको गोबर घर लिपपोतमा प्रयोग गर्ने चलन छ । बिकारयुक्त किटानु नष्ट गर्ने शक्ति हुने भएकाले घर लिपपोतमा गाईको गोबर प्रयोग गरिएको बुढापाका बताउँछन् ।

### गाई संरक्षणमा जलजला गाउपालिका

पर्वतको जलजला गाउँपालिकाले गण्डकी प्रदेशको धवलागिरी क्षेत्रमै पहिलोपटक स्थानीय जातका गाईको संरक्षण अभियान थालेको छ । स्थानीय जातका गाई र हलगोरु पाल्ने कृषकलाई अनुदान दिने व्यवस्था मिलाएको जलजलाले वडा नं ७ धाइरीङको लालुङमा रहेको गण्डकी गोपाल गौशालालाई व्यवस्थित बनाउन काम थालेको हो ।

सङ्घीय सरकारको साझेदारीमा गौशाला निर्माण शुरु गरेको गाउँपालिकाले स्थानीय जातका गाईगोरु पाल्ने कृषकलाई अनुदान दिन रु. आठ लाख बिनियोजन गरेको अध्यक्ष राजुप्रसाद आचार्यले बताए। "धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व वोकेका स्थानीय जातका गाई र गोरु पाल्ने कृषकलाई अनुदान दिएर संरक्षणको पहल थालेको हो," उनले भने "आधुनिक र व्यावसायिक पशुपालन तथा कृषिलाई प्रवर्द्धनका साथसाथै स्थानीय जातका पशुको आनुवांशिक स्रोत संरक्षण गर्न गाईगोरु पाल्ने कृषकलाई अनुदान दिने कार्यक्रम ल्याएका हौ ।" चालु आर्थिक वर्ष २०७९/८० मा ४०० वटा गाईगोरु पालेका कृषकले रु. चार लाख अनुदान पाएका थिए ।

### धाइरिङमा गौशाला

धाइरीङमा विसं २०७२ मा समुदायको अगुवाइमा स्थापना भएको गौशालामा हाल ४८ वटा स्थानीय जातका गाई र बाच्छाबाच्छी छन् । ११ वटा गाईबाट गौशाला शुरु गरिएको कर्मचारी ओमबहादुर केसीले बताए। "स्थानीय जातका गाई संरक्षण गरी धार्मिक र कृषि पर्यटनको विकास गर्ने उद्देश्यले गौशाला सञ्चालन गरिएको हो," उनले भने "गाई लोप हुन नदिनु नै गौशालाको उद्देश्य हो ।"केसीका अनुसार स्थानीयवासीहरुले गौशालालाई गाईसहित प्रतिगाई बराबर रु. एक लाख १० हजारले नगद पनि सहयोग गरेका छन् । स्थानीय टेकप्रसाद आचार्यले गौशालाका लागि ४० रोपनी जग्गा दान गर्नुभएको छ । दिउँसोको समयमा नजिकैको जङ्गलमा चराउन लैजाने गाई बाध्नका लागि व्यवस्थित गोठ बनाइएको छ । बिहान बेलुकी घाँस, पराल र दाना खुवाउने गरिएको छ ।

जलजला र हम्पालको राष्ट्रिय वन क्षेत्रलाई गौशालामा पालिने गाईका लागि चरन क्षेत्र बनाउन प्रस्ताव गरिएको छ । गाईको दाना, घाँस, पराल र तीन जना कर्मचारीको तलबका लागि वार्षिक रु. २२ लाख खर्च हुने गरेको छ । गाईको महत्वका विषयमा समुदाय सस्तरमा सन्देश प्रवाह गराउन र गौशाला सञ्चालनका लागि आयस्रोत जुटाउन २०७६ मङ्सिरमा मिलनचोक स्थित कालीगण्डकी किनारमा गौ महोत्सव आयोजना गरिएको थियो । महोत्सवमा रु. तीन करोड २४ लाख सहयोग घोषणा भएको थियो । महोत्सवमा संकलित रकमको व्याज र दाताबाट सहयोग जुटाएर गौशाला सञ्चालन गरिएको हो ।

गौशालामा पूर्वाधार निर्माणका लागि चालु आवका लागि जलजला गाउँपालिका र सङ्घीय सरकारबाट रु. ८०/८० लाख विनियोजन भएको थियो । गौशाला पछाडी रहेको पाखोमा पर्खाल निर्माण र जग्गा सम्माउने काम भइरहेको जलजला गाउँपालिकाका इन्जिनीयर सुनिल बानियाँले बताए। जग्गा सम्माएपछि सो ठाउँमा आश्रयस्थल, हवन कुण्ड, सत्तल र मन्दिर निर्माण गरिनेछ । सो संरचना निर्माणका लागि सिम्रन इन्फ्रास्टक्चर एण्ड सप्लायर्स प्रालिसँग रु एक करोड २५ लाख ८५ हजार २३२ मा ठेक्का सम्झौता भएको छ । आगामी जेठ मसान्तसम्म काम सक्ने ठेक्का सम्झौता भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद आचार्यले बताए।

### गोबर र गह्रुतलाई आम्दानीको स्रोत बनाइदै

गौशालामा पालिएका गाईको गहुँतलाई प्रशोधन गरेर औषधि र धार्मिक कार्यका लागि बिक्री गर्ने र गोबरलाई प्राङ्गारिक मलका रूपमा उपयोग गर्ने योजना कार्यान्वयन गर्न थालिएको छ । गाईको गोवर प्रशोधन गरेर पूजा र सजावटका सामग्री बनाउन थालिएको छ । गौशालाका कर्मचारी ओमबहादुर केसी र तुलसीराम आचार्य भारतको काशीपुर पुगेर गाईको गोबरबाट सामग्री बनाउने तालिम लिएर आउनुभएको छ । "गोबर प्रशोधन गरेर देवीदेवताका मूर्ती, धुप, 'इकोप्रेसर म्याट', चप्पल, भित्तेघडीजस्ता सामान बनाउन थालेका छौँ", कर्मचारी आचार्यले भने, "गौशालामा आउने भक्तजनलाई बिक्री गर्ने, रोजगारी सिर्जना र आम्दानीको स्रोतका लागि गोबरबाट पूजा र सजावटका सामग्री बनाउन थालेका हौ ।" गहुँत प्रशोधन गर्ने उपकरण ल्याइएको छ ।

गौशाला नजिकै रहेको धाइरिङ भूमे ठाकुरको थान, जलजला-हम्पाल क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तब्य बनाउन पहल गरिएको गाउँपालिकाका उपाध्यक्ष दिपक आचार्यले बताए। "हिन्दू धर्मग्रन्थ रामायणमा उल्लेख गरिएको कालञ्जर पर्वत क्षेत्र जलजला गाउँपालिकाकै पहाड हो", उनले भने, "यस क्षेत्रलाई कृषि र धार्मिक पर्यटनको रुपमा विकास गर्ने प्रयासमा लागेका छौँ ।"रासस

# वैदेशिक रोजगारीबाट फर्किएर माछापालन

सल्लेरी । अवसरको खोजी गर्दै विदेशी भूमिमा पाइला टेक्नेहरुको संख्या दिनानुदिन बढ्दो छ । हरेक दिन एक हजार पाँच सयभन्दा बढी युवाजनशक्ति हातमा पासपोर्ट बोकेर विदेशी मुलुकमा पाइला टेक्छन् ।यही लहरोमा कुनै समय सोलुखुम्बु रोक्दिङका भलाकाजी राजभण्डारी पनि मिसिनुभयो । कुनै समय अवसर खोज्दै विदेश पुगे । विसं २०६७ मा रोजगारीका लाग मलेसिया पुगेका उनले त्यहाँ करिब तीन वर्ष पसिना बगाए । उनलाई लाग्यो, त्यहाँ बगाउने पसिना गाउँमै बगाउन सक्ने हो भने धेरै काम गर्न सकिन्छ । यही सोचले स्वदेश फर्केका उनी यतिबेला गाउँमै माछापालनमा रमाएका छन् ।



"जागिरको खोजीमा म विदेश जाँदिन । एकपटक अञ्जानमा विदेश गइयो । विदेश के रहेछ र त्यहाँको दुःख के हो भन्ने बुझ्नै मौका पनि मिल्यो", उनले भने, "अहिले स्वदेशमै पुग्दो छ ।" उनी माछापालनबाट मासिक सबै खर्च कटाएर रू एक लाख ५० हजार बचत भइरहेको बताए। "दैनिक औसतमा रू १५ हजारको कारोबार हुन्छ । त्यसबाट रु पाँच हजार जति बचत हुन्छ", उनले भने । सोलुदुधकुण्ड नगरपालिका-४ रोक्दिङमा करिब चार रोपनी क्षेत्रफलमा निर्माण गरिएको पोखरीमा 'ट्राउट' माछापालन गर्दै आएका उनी संग अहिले ४० हजारभन्दा बढी माछाका भुराहरु छन् । उनले माछापालनका लागि दश वटा पोखरी निर्माण गरेका छन् ।

"विदेशबाट फर्किपछि अन्य काम गरिरहेको थिए । कमाइ पनि ठिकै थियो । कोरोना महामारीका कारण बन्दाबन्दी लागू भएपछि भने आम्दानी ठप्प भयो", उनले भने, "सबै काम ठप्प भएपछि माछापालनको योजना बनाएको हुँ ।" सुरुमा माछापालनको योजना सुनाउँदा धेरैले हुँदैन भन्ने गरे पनि अहिले माछापालनबाट आम्दानी हुन थालेपछि भने प्रसंशा गर्ने गरेको उनले सुनाए । "सोलु जस्तै चिसो ठाउँमा माछापालन हुन्न भन्ने धेरै थिए", उनले भने ।

राजभण्डारी अहिले दैनिक १८ घण्टासम्म माछापालनमै रमाउनुहुन्छ । विस २०७७ सालबाट सुरु गरेको माछापालनमा हालसम्म रु एक करोड लगानी भइसकेको छ । उनले माछापालनसँगै रोक्दिङमा होटल पनि सञ्चालन गरिरहेका छन् । माछा खरिद गरी लैजाने भन्दा पनि माछाका परिकार खान आउनेहरु धेरै रहेको उनको भनाइ छ । सदरमुकाम सल्लेरीबाट ट्राउट माछा खान आउनेहरु धेरै रहेको उनले सुनाए । फाल्लुका दिनेश राई खोलामा माछा पातलिँदै गएपछि मानिसहरु माछाको स्वाद दिन यहाँसम्म आउने गरेको बताउछन् । "माछा खान रुचाउने मानिसहरुको संख्या बढ्दो छ । तर खोलामा माछा हराउँदै गएका छन् । अब पालेको माछा खालुको विकल्प छैन", उनले भने ।

जिल्लामा ट्राउट माछा प्रतिकिलो रु एक हजार छ सयमा बिक्री भइरहेको छ । यहाँ उत्पादन हुने माछा लुक्ला, नाम्चेलगायतका क्षेत्रमा बढी खपत हुने गरेको उनको भनाइ छ। चिसो ठाउँमा हुर्किएको माछा उपभोक्ताले बढी रुचाउने गरेको राजभण्डारीको अनुभव छ । हाल जिल्लाको अन्य चार स्थानमा पनि व्यावसायिक माछापालन भइरहेको छ । तामाखानी, बेनी, साल्मे, सल्लेरीमा ट्राउट माछापालन भइरहेको हो ।

### बजारको चिन्ता छैन

यहाँ उत्पादन हुने माछा जिल्लामै खपत हुने गरेको छ । राजभण्डारी माग नै धान्न नसकिने अवस्था रहेको बताउछन् । यहाँ उत्पादन भएका माछाले माग धान्न नसकेर कतिपय होटलहरुमा बाहिरबाट समेत माछा ल्याउने गरिएको उनले बताए ।

माछापालनमा एउटा समस्या भने छ । माछालाई रातको समयमा वन्यजन्तुहरुले आत्रमण गर्ने गरेको साल्मेका व्यवसायी भानुभक्त श्रेष्ठले सुनाए । फार्ममा राति आउने सालकले एकैपटकमा धेरै माछाहरु मार्ने गरेको भाइकाजी राजभण्डरीको भनाइ छ । "केही हप्ता अघि मात्रै मेरो फार्ममा एकै पटक एक सयभन्दा बढी माछाहरु टाउको नभएको अवस्थामा भेटिए । हामी अचम्ममा पर्यौं", उनले भने, "पछि सिसी क्यामरा राखेपछि पोखरीको माछा सालकले खाने गरेको भेटियो ।" रातको समयमा खोलाबाट आउने सालकले पोखरीमा प्रवेश गरी माछाको टाउको खाने गरेको पाइएको उनले बताए।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित हुने मिति २०८०/११/१५ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले हरिवन शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कदाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री समाजसेवी कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : ईश्वरपुर-४, सर्लाही। हालको ठेगाना :ईश्वरपुर न.पा.-७, सर्लाही । दर्ता न : २९०/२०७०/२०७१ ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : गंगा प्रसाद महतो सुडी (अध्यक्ष जमानीकर्ता)**
बाबु : धरिछन महतो सुडी
बाजे : नथुनी महतो
ना प्र नं. : ३८४९०२०८
ठेगाना : ईश्वरपुर न.पा.७, सर्लाही (नागरिकतामा भएको अनुसार ईश्वरपुर गा.वि.स ८, सर्लाही)

**२) नाम : प्रविण कुमार चौधरी (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : पृथ्वी नारायण चौधरी
बाजे : देव नारायण चौधरी
ना.प्र.नं : १९१०५५/११२
ठेगाना : ईश्वरपुर न.पा.१०, सर्लाही

**३) नाम : सावित्री कु. पजियार (संचालक)**
बाबु : राम स्वरुप पजियार
बाजे : लखन पजियार
ना.प्र.नं : १९३०५६/२५५८
ठेगाना : ईश्वरपुर न.पा.९, सर्लाही (नागरिकतामा भएको अनुसार ईश्वरपुर गा.वि.स ८, सर्लाही)

**४) नाम : दुर्गानन्द साह तेली (संचालक)**
बाबु : राजेन्द्र देव साह तेली
बाजे : राम विलास साह तेली
ना.प्र.नं : १९/२०५६/४९५
ठेगाना : ईश्वरपुर न.पा.७, सर्लाही (नागरिकतामा भएको अनुसार ईश्वरपुर गा.वि.स ७, सर्लाही)

**५) नाम : पंकज कुमार महतो (संचालक जमानीकर्ता)**
बाबु : लालधारी महतो सुडी
बाजे : मुखलाल महतो
ना.प्र.नं : १९-०२-७३-०५२६०
ठेगाना : ईश्वरपुर न.पा.७, सर्लाही

**६) नाम : भरत महतो सुडी (संचालक)**
बाबु : बुझाउन महतो सुडी
बाजे : भंगी महतो सुडी
ना.प्र.नं : १९३०५६/२३९७
ठेगाना : ईश्वरपुर न.पा.९, सर्लाही (नागरिकतामा भएको अनुसार ईश्वरपुर गा.वि.स ८, सर्लाही)

**७) नाम : राम लखन चौधरी (संचालक जमानीकर्ता)**
बाबु : दया लाल चौधरी, बाजे : जय किशुन चौधरी,
ना.प्र.नं : १०७७१३९४, ठेगाना : ईश्वरपुर न.पा.१०, सर्लाही

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री नथुनी महतोको नाति श्री धरिछन महतो सुडीको छोरा सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स. वडा नं. ८ बस्ने श्री गंगा प्रसाद महतोको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला बेला गा.वि.स. वडा नं. ५ (क) को कित्ता नं.६४६ को क्षेत्रफल ०-३-८-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री राम औतार राय यादवको नातिनी श्री रामचन्द् रायको छोरी सर्लाही जिल्ला पिपरिया गा.वि.स. वडा नं. २ बस्ने श्री ललिता देवी को नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स. वडा नं. २ (क) को कित्ता नं.२२७८ र २२८८ को क्षेत्रफल क्रमशः ०-०-१$^{१/४}$ र ०-०-८$^{३/४}$ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री राम आशिष महतो सुडीको बुहारी श्री मखन महतो सुडीको छोरी सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स. वडा नं. ८ बस्ने श्री रतिया देवी महतो सुडीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स. वडा नं. ८(ख) को कित्ता नं. ६०६ को क्षेत्रफल ०-२-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. श्री राम सिनेही साहको नाति श्री आनन्द साहको छोरा सर्लाही जिल्ला बेला गा.वि.स. वडा नं. ५ (हाल ईश्वरपुर-१०) बस्ने श्री श्याम बाबु साहको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला बेला गा.वि.स. वडा नं. २ (ख) को कित्ता नं. ३११ र ३१५ को क्षेत्रफल क्रमशः०-१-३ र ०-१-१४.५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. श्री राम स्वेही साह तेलीको बुहारी श्री कृपाल साह तेलीको छोरी रौतहट जिल्ला भलोहिया गा.वि.स. वडा नं. ४ (हाल ईश्वरपुर न.पा.-१०) बस्ने श्री प्रेम कला कुमारीको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला बेला गा.वि.स. वडा नं. २ (ख) को कित्ता नं. ३१८ को क्षेत्रफल ०-३-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. श्री चुलहाई रायको नाति श्री पचु रायको छोरा सर्लाही जिल्ला सलेमपुर गा.वि.स. वडा नं. ४ (हाल ईश्वरपुर न.पा.-८) बस्ने श्री जगदीश रायको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स. वडा नं. ९ (ख) को कित्ता नं. २१५ को क्षेत्रफल ०-१-१$^{१/४}$ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# जन्मदर्ता नहुँदा शैक्षिक भविष्य अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम । जन्मदर्ता नहुँदा धनुषा जिल्लामा बालबालिकाहरुको शैक्षिक भविष्य नै अन्योलमा परेको छ ।

जिल्लाको धनौजी गाउँपालिका-२ को तत्मा टोल बस्ने निलम मण्डलको विवाह नौ वर्ष अघि भएको थियो । अहिले उनको तीन सन्तान छन्, तर उनीहरूको जन्मदर्ता नहुँदा शैक्षिक भविष्य नै अन्योलमा परेको छ। श्रीमान् विवाहपछि वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा गए पछि उनी अहिले माइतमै छिन् उनीसँग विवाह दर्ताको प्रमाणपत्र नहुँदा बालबालिकाको जन्मदर्तासमेत बनाउन नपाउँदा शैक्षिक भविष्य अन्योल भएको छ। श्रीमान् स्वदेश फर्केपछि मात्र विवाह दर्ता गर्ने र बालबालिकाको जन्मदर्ता गर्ने उनी बताउँछिन् । त्यतिबेलासम्म उनका सन्तानले भने विद्यालय भर्ना हुनबाट वञ्चित हुनुपर्ने गुनासो गरिन् ।

उनका तीन सन्तानमध्ये जेठी छोरी ८ वर्षीया राखी मण्डल, माइलो छोरा ४ वर्षीय कार्तिक र कान्छो छोरा करिब डेढ वर्ष उमेरको गणेश छन् ।

उनले भनिन् "जन्मदर्ता नहुँदा न विद्यालय पठाउन सकेको छु, न सरकारबाट पाउने कुनै सेवासुविधा नै लिन सकेको छु। वडा कार्यालयले नागरिकता र बाबुको उपस्थितिबिना जन्मदर्ता बनाउन नमिल्ने बताएको छ।"

त्यस्तै धनुषाको बटेश्वर गाउँपालिका-२ मा बस्दै आएकी गर्दै आएका ५० वर्षीय दुखिया महरा र ३५ वर्षीया ललिता



दलित मुसहर समुदायमा जन्मदर्ता नहुँदा भोग्नु परेको समस्या थुप्रै पनि छ । बालबालिका शिक्षा, स्वास्थ्य, सरकारी सेवासुविधाबाट वञ्चित हुनु परेको छ । प्रशासनिक झन्झटका कारण पनि उनीहरु जन्मदर्ता गराउन अगाडि नै सर्दैनन् । बाबु विदेशमा भएका बेला जन्मिएको अधिकांश बालबालिकाको जन्मदर्ता नहुँदा शैक्षिक भविष्य नै अन्योलमा परेको हो ।

महराकी छोरी पूजा महरा बटेश्वरस्थित शिवशक्ति माध्यमिक विद्यालय कक्षा ६ मा पढ्दै छिन् । उनी पढाइमा अब्बल छिन्, तर कक्षा ६ पछि विद्यालय आउन पाउँछु कि पाउँदिन भनेर चिन्तित छिन् । पूजाका बुवा दुखिया महरा भन्छन् "अहिलेसम्म अनुरोध गरेकै भरमा विद्यालयले जन्मदर्ता प्रमाणपत्रबिना नै पूजालाई कक्षा ६ सम्म पढ्न दिएको छ, तर अब के हुने हो थाहा नै छैन ।" उनी प्रश्न गर्दै भन्छन्, "जन्मदर्ता कसरी बनाउने ।

उनको नागरिकता महोत्तरी बलुवा नगरपालिकाको हो। दुखिया महराकी छोरी पूजा बटेश्वरस्थित मामा घरमा जन्मेर त्यही नजिकैको शिवशक्ति माविमा पढ्दै आएकी छिन् । वडा कार्यालयले बाबुको नागरिकता जहाँको हो, त्यहीँ जन्मदर्ता बनाउन जानु भनेका कारण पूजाको जन्मदर्ता बनाउन नसकेको पूजाका बुवा दुखिया महरा बताउँछन् । उनी भन्छन्, "मैले नागरिकताको सिफारिस लिएको वडामा जाँदा तपाईको छोरी यहाँ जन्मेको होइन भन्छन् । जहाँ जन्मेको हो, त्यहाँको वडामा जन्मदर्ता बनाउनूस् भन्छन् । म कहाँ गएर बनाउने हो भन्ने अन्योलमा छु ।"

बटेश्वर गाउँपालिका-२ का वडा अध्यक्ष विजयकुमार महतोले भने, "जिल्ला प्रशासन कार्यालयले जन्मदर्तासम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरेपछि हामीले जन्मदर्ता बनाउनेबारे बुझेका छौँ । पहिले बुवाआमा दुवैको नागरिकता नभई जन्मदर्ता बनाउने गरेका थिएनौँ, तर अन्तर्क्रियापछि यस कार्यमा सचिवले पनि साथ दिइरहेको छ । अहिलेसम्म बुवाको मात्र नागरिकता भएका १५ जनाभन्दा बढी बालबालिकाको जन्मदर्ता बनाइसकेका छौँ। आमाबुवा दुवैको नागरिकता नभएका बालबालिकाका अभिभावक भने कोही आएका छैनन् ।" उनले भने, "उमेर नपुगी विवाह भयो र बच्चा भयो भने त्यसमा बच्चाको के दोष हुन्छ ? जन्मदर्ताका कारण बालबालिका कुनै पनि अधिकारबाट वञ्चित हुदैन ।"

दलित मुसहर समुदायमा जन्मदर्ता नहुँदा भोग्नु परेको समस्या थुप्रै पनि छ। बालबालिका शिक्षा, स्वास्थ्य, सरकारी सेवासुविधाबाट वञ्चित हुनु परेको छ। प्रशासनिक झन्झटका कारण पनि उनीहरू जन्मदर्ता गराउन अगाडि नै सर्दैनन् । बाबु विदेशमा भएका बेला जन्मिएको अधिकांश बालबालिकाको जन्मदर्ता नहुँदा शैक्षिक भविष्य नै अन्योलमा परेको हो ।

# 'मुलुकलाई समृद्ध बनाउन खेलकुदको महत्वपूर्ण भूमिका'




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका स्थित क्षीरेश्वर जनता उच्च माध्यमिक विद्यालयको खेल मैदानमा सोमबारदेखि मदन भण्डारी प्रथम राष्ट्रिय महिला हक्की प्रतियोगिता सुरु भएको छ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलेप्रतियोगिताको शुभारम्भ गर्दै मुलुकलाई समृद्ध बनाउन खेलकुदको महत्वपूर्ण भूमिका रहेको बताएकी छन् ।

उनले खेलकुदले आपसी सद्भाव, सहिष्णुता तथा राष्ट्रिय एकतालाई बलियो बनाउनुका साथै समाजमा रहेको लैंगिक विभेद अन्त्य गर्दै महिला सशक्तीकरणमा समेत महत्वपूर्ण भूमिका खेल्ने आशा व्यक्त गरिन् ।

पूर्व राष्ट्रपति भण्डारीलेनेपालमा खेलकुद पूर्वाधारको अभाव तथा खेलाडीमा राज्यको लगानी कम भए पनि नेपाली खेलाडीले अन्तर ाष्ट्रिय जगतमा गरेको प्रदर्शनको उच्च प्रशंसा गर्दै खेलकुदको विकासमा राज्यले बढी लगानी गर्न जरुरी रहेको बताइन् ।

उनले खेलकुदमा रहेको अनुशासन तथा संयमता राजनीतिक क्षेत्रमा लागू हुन जरुरी रहेको बताउँदै स्वर्गीय मदन भण्डारीले देखेको स्वच्छ राजनीतिक प्रतिस्पर्धा अहिले पनि उपयोगी भएको बताइन् ।

मदन भण्डारी स्पोर्टस एकेडेमीका अध्यक्ष ध्रुव आचार्य, हक्की संघ नेपालका अध्यक्ष अनिलप्रसाद शर्मासलगायतका वक्ताले राष्ट्रिय स्तरमा महिलाका लागि पहिलो हक्की प्रतियोगिता हुन लागेकाले यसले खेलको वातावरण बढ्ने विश्वास व्यक्त गरे ।

प्रतियोगितामा कर्णाली बाहेकका छ प्रदेश, त्रिभुवन आर्मी क्लब तथा मदन भण्डारी स्पोर्टस एकेडेमीका टिम गरेर आठवटा टिमको सहभागिता रहेको छ भने प्रतियोगिता १९ गतेसम्म चल्ने आयोजकले जनाएको छ ।

सो प्रतियोगितामा प्रथम हुने टिमलाई एक लाख ५० हजार रुपियाँ र कप, द्वितीय हुनेलाई कपसहित एक लाख रुपियाँ तथा तृतीय हुने टिमलाई कपसहित ५० हजार रुपियाँ नगद प्रदान गरिने जनाइएको छ। उत्कृष्ट खेलाडीलाई १० हजार र वुमन अफ दि म्याच हुनेलाई पाँच हजार रुपैयाँ नगद प्रदान गरिने अध्यक्ष आचार्यले बताए ।

# ठगी आरोपमा दुई प्रहरी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वसाधारण व्यापारीको ३१ थान मोवाइलसँगै दुई लाख रुपैयाँ ठगी गरेको आरोपमा बहालवाला एक जना प्रहरी सहायक हवलदार र एक जना प्रहरी जवान पक्राउ परेका छन् ।

मधेश प्रदेशका प्रहरी प्रमुख यज्ञबिनोद पोखरेलले जनाएअनुसार जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत सहायक हवलदार दीपेन्द्र कुमार राज र जवान रोशन कुमार यादव पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषामा दुवै जनाविरुद्ध आपराधिक विश्वासघात र आपराधिक लाभ शीर्षकमा मुद्दा दर्ता भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक श्याम कुमार महतोले जानकारी दिए ।

जिल्ला अदालत धनुषाबाट आरोपितहरुमाथि ७ दिनको म्याद थमाएर थप अनुसन्धान भइरहेको प्रवक्तासमेत रहेका वरिष्ठ प्रहरी




उपरीक्षक महतोले बताए ।

महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका- ५ घर भएका सहायक हवलदार दीपेन्द्र र सुनसरी जिल्लाको देवागञ्ज गाउँपालिका २ घर भएका प्रहरी जवान रोशन मिलेर जनकपुरका एक जना व्यापारीसँग गत ८ गते विभिन्न ब्रान्डको ३१ थान मोवाइल खरिद गरेका थिए ।

पछि मोवाइल फिर्ता गर्ने भनेर व्यापारीसँग दुई लाख रुपैयाँसमेत लिएर पटक पटक माग गर्दा पनि फिर्ता नगरेपछि बाध्य भएर पीडित व्यापारीले गत १३ गते उनीहरू विरुद्ध मधेश प्रदेश प्रहरी कार्यालयमा लिखित उजुरी दर्ता गराएका थिए ।

उजुरी पछि सहायक हवलदार दीपेन्द्र कुमार राज र जवान रोशन कुमार यादवलाई नियन्त्रणमा लिएर अनुसन्धान गरेपछि उनीहरूले दिएको बयानको आधारमा सोही दिन जनकपुरधाम उपमहानगरपालिका- ७ स्थित अञ्जनीमाई कुटीको उत्तर पोखरीको डिलस्थित झाडीमा ३१ थान मोबाइल र दुई लाख मध्ये ९५ हजार रुपैयाँ बरामद भएको थियो ।

# प्रहरीको गोलीबाट मृत्यु भएका साहको परिवारलाई आर्थिक सहायता

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले प्रहरीको गोली लागेर मृत्यु भएका सर्लाहीको बरहथवा नगरपालिका-६ का जयशंकर साहको परिवारलाई १० लाख

माग राखेर प्रदर्शन गर्ने क्रममा प्रहरीको गोली लागेर मृत्यु भएका साहको परिवारलाई क्षतिपूर्तिस्वरुप १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।




रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने भएको छ।

प्रहरीको गोली लागेर मृत्यु भएका साहको परिवारलाई सरकारले १० लाख आर्थिक सहायता दिने

सामबार बसेको मन्त्रिपरिषद्को बैठकले गाउँमा अस्पताल सञ्चालनका विषयमा

सर्लाहीको नगर अस्पताल मधेश प्रदेश सरकारलाई हस्तान्तरणको माग गर्दै कांग्रेससहितका दल तथा उद्योग वाणिज्य संघले गरेको प्रदर्शनका क्रममा पुस २१ गते सर्लाही प्रहरीले चलाएको गोली लाग्दा साहको मृत्यु भएको थियो ।

# नक्कली डाक्टर पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरस्थित एक निजी अस्पतालबाट तीनजना नक्कली डाक्टर पक्राउ परेका छन् । जिल्लाको यमुनामाई गाउपालिका १ सुकदेव चौकस्थित सगरमाथा तराई हस्पिटलमा कार्यरत ३ जना नक्कली स्वास्थ्यकर्मी पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा भारत बिहारको पूर्वी चम्पारणस्थित ढाकास्थित खैरवा का ४५ को हसिंन अख्तर, भारत बिहार राज्य जिल्ला पूर्वी चम्पारण थाना सिकारगंजका वटोआका २७ को मो. तबरेज आलम र यमुनामाई गाउँपालिका वडा- २ स्थित भेडियाहीटोलका २७ वर्षीय कलाम मन्सुरी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

निर्धारित शैक्षिक योग्यता प्राप्त नगरेका र उपचार गर्ने अनुमतिपत्र प्राप्त नगरेका व्यक्तिहरूलाई राखी



बिरामीहरूको एपेन्डिस, पायल्स, युटेरस्लगायतका अपरेसन हुँदै आएको सूचनाको आधारमा ती आरोपित नक्कली डाक्टर पक्राउ परेको रौतहटका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले बताए ।

उनीहरूलाई गत फागुन १ गते जिल्ला प्रशासन कार्यालय रौतहट तथा जिल्ला प्रहरी कार्यालय रौतहटको संयुक्त अनुगमन टोलीले अस्पतालमा अनुगमन गर्दा पक्राउ गरेको प्रहरी उपरीक्षक श्रेष्ठले बताए ।

उनीहरूसँग बिरामीहरूको उपचार गर्न पाउने इजाजत पत्र माग गर्दा निजहरूसँग उपचार गर्नको लागि चाहिने निर्धारित शैक्षिक योग्यताको प्रमाण पत्र नभएको कारण आरोपितहरुलाई पक्राउ गरी मुलुकी अपराध संहिता २०७४ अन्तर्गत इलाज सम्बन्धी कसूरमा मुद्दा दर्ता समेत गरेको उनले बताए ।

अस्पताल सञ्चालनमा संलग्न अन्य व्यक्तिहरूको खोजतलास गर्ने कार्य भइरहेको उनले बताए ।

पछिल्लो समय रौतहटमा बिना दर्ताका व्यापक रूपमा निजी अस्पताल सञ्चालन भइरहेको पाइएको छ ।

नियमनकारी निकायले जिल्लामा सञ्चालित अवैधानिक अस्पतालहरूको अनुगमन नगर्दा सयौँ नागरिकहरूले अकालमा ज्यान गुमाउनु परिरहेको स्थानीयहरू बताउँछन् ।

# गाँजा बिक्री गरेको आरोपमा महिला पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले एक महिलालाई लागूऔषध कारोबार गरेको आरोपमा पक्राउ गरेका छन् ।

पसलमा लागुऔषध गाँजा लुकाएर बिक्री वितरण गरेको आरोपमा हरिवन नगरपालिका-१० स्थित ब्रम्हस्थान बस्ने ५३ वर्षीया फूलमाया घिसिङलाई पक्राउ गरेको छ।

उनले संचालन गर्दै आएको पसलमा ४३ वटा पुरिया र ३ वटा प्लाष्टिकको पोलिथिनमा पोका बनाएर राखेको ३३५ ग्राम लागुऔषध गाँजासहित पक्राउ गरिएको हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले बताए । गाँजा बिक्रीबाट आम्दानी गरेको दसीका रुपमा प्रहरीले पसलमा राखिएको ३ लाख ७९ हजार ३२५ रुपैयाँ नगद समेत बरामद गरेको छ ।

त्यस्तै प्रहरीले राति बागमती नगरपालिका-१२, बथाने स्कुल अगाडिबाट लागुऔषध गाँजासहित दुई युवकलाई पक्राउ गरेको छ ।

प्रदेश नं. २-०४-००१ प ९५६२ नम्वरको मोटरसाइकल चेकजाँच गर्दा ५ केजी २१० ग्राम गाँजासहित प्रहरीले बागमती नगरपालिका-१२, कै १९ वर्षीय निशान्त घिसिङ र हरिहरपुरगढी गाउँपालिका-६, सिन्धुली बस्ने १८ वर्षीय मानव मोक्तानलाई पक्राउ गरेको उनले बताए ।

# लालबन्दीमा आज विदा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिकाले मगर समुदायको ४२ औँ स्थापना तथा राष्ट्रिय एकता दिवस र माझी जातीले मनाउँदै आएको महान चाँड लदी पूजा (कोशी पूजा) को अवसरमा मंगलबार स्थानीय विदा दिएको छ ।

नगर उपप्रमुख कल्पना माया पाख्रिनले आज एक सूचना जारी गरी दुवै पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै एक दिने स्थानीय विदा दिइएको उल्लेख गरेकी छन् ।

मंगलबार नगरपालिका, वडा, शिक्षणसंस्था तथा मातहतका सम्पूर्ण कार्यालयमा विदा दिइएको उनले बताइन् । लालबन्दी नगरभित्र मगर र माझी समुदायको बाक्लो बसोवास रहेको र दुवै समुदायले स्थानीय विदा दिन माग गरेकाले सोही अनुसार विदा दिइएको उनले बताइन् ।

लालबन्दी नगरपालिकाले यसअघि तामाङ समुदायले मनाउने गरेको सोनाम ल्होछार पर्वको अवसरमा माघ २८ गते स्थानीय विदा दिएको थियो ।

# सिलिन्डर विस्फोट हुँदा एकको मृत्यु

**टुडे समाचारदाता**

बारा । बाराको निजगढमा ग्याँस सिलिण्डर विस्फोट हुँदा एकको मृत्यु भएको छ भने पाँच जना गम्भीर घाइते भएका छन् ।

जिल्लाको निजगढ नगरपालिका -७ मा ग्याँस सिलिन्डर विस्फोट हुँदा रोहित वर्कसप लेथका सञ्चालक ४५ वर्षीय रेशम मगरको मृत्यु भएको बाराका प्रहरी उपरीक्षक सुरेसप्रसाद काफ्लेले बताएका छन् ।

फलाम काट्ने क्रममा ग्याँस सिलिण्डर विस्फोट हुँदा गम्भीर घाइते भएको मगरको वीरगञ्जस्थित नेपाल मेडिसिटी व्योधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

सोही अस्पतालमा उपचार गराइरहेका अन्य घाइतेहरु वीरगञ्ज महानगरपालिका -९ का ३४ वर्षीय फिरोज देवान, सोही ठाउँका २० वर्षीय रितु रजत, भारतको गवाईका ३५ वर्षीय राकेश जयसवाल, सोही ठाउँ रामगढवा बस्ने २० वर्षीय अरविन साहको उपचार भइरहेको जनाइएको छ।

त्यस्तै निजगढ नगरपालिका -५ का ४५ वर्षीय सुर्यबहादुर थापाको सामुदायिक अस्पताल निजगढमा उपचार भइरहेको उनले बताए । सोमबार दिउँसो १२ बजेतिर ग्याँस



सिलिण्डरको सहयोगले फलाम काट्नेक्रममा सो सिलिण्डर विस्फोट भए पछि सो घटना भएको र यसबारेमा थप अनुसन्धानको काम भइरहेको प्रहरी उपरीक्षक काफ्लेले बताए ।

**घर भाडामा**

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर २ वकिल टोलको मुखमा भानुचोकसँगै रहेको ३ बेडरुम, १ हल, किचेन, बाथरुम, कारपार्किंगको सुविधा सहितको आधुनिक घर भाडाका लागि खाली छ । लिने इच्छुक व्यक्ति वा संस्थाले निम्न नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सम्पर्क नं.:-

९८५१०७७२७६ र ९८१००७७२७६

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

लेखापाल - २ (दुई) जना

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८